## परिच्छेद एक :

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाली भाषा नेपालीहरुको मात्र भाषा होइन विदेशमा पनि यसको प्रयोग-व्यवहार हुने गरेको तथ्यले यसको भौगोलिक र सङ्ख्यागत विस्तार व्यापक भएको पाइन्छ । नेपाली भाषाले प्रकार्यगत विस्तार पाउनका साथै विषयगत विस्तार पनि व्यापक रुपमा पाएको छ । यस्तो सङ्ख्यागत, प्रकार्यगत र विषयगत विस्तार पाएको भाषालाई राष्ट्र भाषाको सम्मान दिनु स्वभाविक देखिन्छ । विद्यालय र क्याम्पसमा अनिवार्य विषय र विभिन्न विषय शिक्षणको माध्यम भाषाको रुपमा पनि प्रयोग-व्यवहार भइरहेको स्थितिमा नेपाली शिक्षण गर्नु अनिवार्य र अत्यावश्यक छ । ४८ प्रतिशत नेपालीहरुको विचार विनिमयको एकमात्र उपाय नेपाली भाषा नै हो भने अन्य भाषी समुदायको पनि सम्पर्क भाषा नेपाली नै हो । त्यस्तै प्रशासनिक र साञ्चरिक क्षेत्रमा पनि यसको व्यापक प्रयोग भइरहेको हुँदा विद्यालय तथा महाविद्यालयमा अनिवार्य र ऐच्छिक विषयका रुपमा यसको पठनपाठन अनिवार्य छ (ढकाल, २०६६:पृ ११) । त्यसैले नेपाली भाषालाई मानक भाषको रुपमा स्वीकार गरिएको छ ।

पाठ्यपुस्तक पाठ्यक्रमले निर्धारण गरेका विषयवस्तुलाई समावेश गरेर तयार पारिएको आधिकारिक पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तक कुन तहका लागि निर्माण गरिएको हो त्यस तहका विद्यार्थीहरुको उमेर, पूर्वज्ञान क्षमता जस्ता कुरालाई ख्याल गरेर निर्माण गरिएको हुन्छ । पाठ्यपुस्तक शिक्षण सिकाइको महत्त्वपूर्ण साधन भएकाले यसमा राखिने शब्दहरु, अभ्यासहरु विद्यार्थीको दैनिक व्यवहारमा उपयोगी हुने खालका हुन आवश्यक हुन्छ । प्राथमिक तहका पाठ्यपुस्तकमा विद्यार्थीको जीवनसँग मेलखाने खालका रोचक पाठहरु समावेश गरिएको हुनुपर्दछ ।। भाषा पाठ्यपुस्तकमा भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै सीपको विकास हुने खालका पाठहरु र अभ्यासहरु समावेश गर्नु आवश्यक हुन्छ ।

पाठ्यपुस्तक भनेको पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका विषयवस्तुका आधारमा तयार गरिने भएकाले यसको प्रत्यक्ष सम्बन्ध पाठ्यक्रमसँग रहेको हुन्छ । पाठ्यपुस्तक निर्माण गर्दा उमेर, तह, आवश्यकता र सिकाइको स्तर अनुरुप पाठ्यपुस्तक तयार गरिनुपर्दछ । त्यसैले अध्ययन गर्ने विद्यार्थीको क्षमता, उपलब्ध शैक्षिक सामग्री, प्रयोग गर्न सकिने शिक्षण विधि र विद्यार्थीको मनोवैज्ञानिक पक्षमाथि विचार पऱ्याई पाठ्यपुस्तक तयार पारिएको हुन्छ । पाठ्यक्रमद्वारा निर्धारितउद्देश्य र विषयवस्तु प्रस्तुत गर्ने एउटा महत्वपूर्ण साधनका रुपमा पाठ्यपुस्तक रहेको हुन्छ

( अधिकारी, २०७१ः पृ ६६७) । पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्य अनुसार निश्चित तहका लागि निर्माण गरिएको अत्यन्तै महत्त्वपूर्ण साधन हो । यो शिक्षक र विद्यार्थीहरुको परपर्दो व्यवस्थित एवम् सर्वाधिक महत्त्वपूर्ण शिक्षण सामग्री हो ।

पाठ्यपुस्तक भनेको विद्यार्थीहरुका लागि पाठ्यक्रम अनुरुप तयार गरिएको महत्त्वपूर्ण आधिकारिक पाठ्यसामग्री हो । यो विद्यालय र महाविद्यालयहरुमा पठनपाठन क्रममा प्रयुक्त हुन्छ । यसको सहयोगले शिक्षकले योजनाबद्ध शिक्षण गर्न सक्छन् । यसका आधारमा विद्यार्थीहरु अभ्यासमा सरिक हुन पाउँछन् । कक्षा कार्यकलापमा सहभागी हुन पाउँछन् । गृहकार्य तथा स्वाध्ययनमा सरिक हुन पाउँछन् र उद्देश्यानुरुपका सिकाइ उपलब्धिहरु क्रमबद्ध रुपमा प्रभावकारी ढङ्गले हासिल गर्न पाउँछन् र उद्देश्यानुरुपका सिकाइ उपलब्धिहरु क्रमबद्ध रुपमा प्रभावकारी ढङ्गले हासिल गर्न पाउँछन् । पाठ्यपुस्तककै सहयोगले मूल्याङकन एवम् परीक्षण गर्न सकिन्छ । उपयुक्त शिक्षण सिकाइ प्रक्रियाहरु छनोट गर्न सकिन्छ । शिक्षण प्रशिक्षण गतिविधिलाई गतिशील, नियमित र व्यवस्थित गर्न सकिन्छ साथै विद्यार्थीहरुको सिकाइ प्रवृत्ति अनुरुपको मनोवैज्ञानिक शिक्षण गरेर शिक्षणलाई जीवन्त बनाउन सकिन्छ । अतः पाठ्यपुस्तक भनेको विद्यालय तहको औपचारिक शिक्षण सिकाइ तथा अनौपचारिक शिक्षण सिकाइ समेतको भरपर्दो एवम् सर्वाधिक महत्वपूर्ण शिक्षण सामग्री हो भन्न सकिन्छ (पौडेल, २०६७ः पृ १२९) ।पाठ्यपुस्तकलाई शिक्षण सिकाइको क्रमबद्ध,औपचारिक तथा अनौपचारिक शिक्षण सामग्रीको रुपमा लिन सकिन्छ ।

पाठ्यपुस्तक कक्षाकोठामा शिक्षक र विद्यार्थी बीचको अन्तरक्रियाको मूल साधन हो अझ हाम्रो जस्तो अविकसित देशमा त शिक्षणसिकाइको मूल साधन नै पाठ्यपुस्तकलाई लिने गरेको पाइन्छ । पाठ्यपुस्तक एउटा साधन मात्र हो जसका आधारमा शिक्षक र विद्यार्थी बीच सक्रिय अन्तरक्रिया हुन्छ । भौगोलिक विविधता, विद्यार्थीको स्तर, क्षमता र रुचिमा भएको विभिन्नताका कारण हाम्रो देशमा पाठ्यपुस्तकलाई सबैका लागि सर्वसुलभ पाठ्यसामग्रीका रुपमा लिने गरिएको छ । पाठ्यपुस्तक भनेको कुनै पनि विषयमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण गर्ने र विद्यार्थीलाई पुनरावृत्ति र अभ्यासका सन्दर्भमा उपयोग गर्ने पाठ्यक्रमका उद्देश्यअनुरुप तयार गरिएको समग्री हो (पा.वि.के २०६७ःपृ ७१) । अतः हाम्रो देशमा पाठ्यपुस्तक नै एक मात्र  सर्वसुलभ र भरपर्दो साधन हो ।

पाठ्यपुस्तक भनेको पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य तथा उद्देश्यसम्म पुग्न आवश्यक शिक्षण क्रियाकलाप सञ्चालनका लागि सहयोग गर्ने प्रमुख लिखित सामग्री हो । पाठ्यपुस्तक खास गरी पाठ्यक्रमले तोकेको विषयमा भाषिक तथा वैषयिक विकासलाई ध्यानमा राखि तयार गरिने भएकाले

यसले विद्यार्थीहरुलाई सम्बन्धित विषयमा गृहकार्य गर्ने, अभ्यास गर्ने, पुनरावृत्ति गर्ने जस्ता कर्यमा सहयोग पुऱ्याउँछ । शिक्षकले पाठ्यपुस्तकको सहयोग लिएर अध्यापन योजनाको तर्जुमा गरी शिक्षार्थीलाई पाठ्यक्रमले तोकेको उद्देश्यको विन्दुसम्म पुऱ्याउन सक्ने भएकाले यसको महत्व उच्च रहेको छ । शिक्षार्थीको स्तर, क्षमता र अभिव्यक्ति सीपलाई सबल पार्न पाठ्यपुस्तकमा समावेश गरिएका विषय वस्तुहरु रोचक एवम् उनीहरुको जीवनसँग सम्बन्धित हुनुपर्ने भएकाले पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमले तोकेको विधि तथा त्यसका क्षेत्रका आधारमा गर्नुपर्दछ (कार्की र अन्य,२०६९: पृ ३७) । त्यसैले पाठ्यक्रमले तोकेका सिकाइ सक्षमता एवं सिकाइ उपलब्धि पुरा गराउने उदेश्यका साथ शिक्षण गतिविधि प्रभावकारी बनाउन साथै बिधार्थीलाई सिक्ने शिक्षकलाई सिकाउने कुराको तादाम्य हुन पनि पाठ्यपुस्तकको आवश्यक्ता पर्दछ ।

पाठ्यपुस्तक पाठ्यक्रमका उद्देश्य अनुरुप तयार गरिने हुनाले पाठ्यक्रमका उद्देश्य पूरा गर्नको लागि तयार गरिन्छ । पाठ्यपुस्तक शिक्षण क्रियाकलापको अत्यन्तै आवश्यक साधन हो । विद्यार्थीहरुलाई विभिन्न ज्ञात दिन पुनरावृत्ति गर्न शिक्षण सिकाइमा शिक्षार्थीलाई शिक्षण गर्न र विद्यार्थीहरुलाई शिक्षकले पढाएका कुराहरु पढ्न र अभ्यास गर्नको लागि पाठ्यपुस्तकको आवश्यकता पर्दछ । पाठ्यपुस्तक पाठ्यक्रम अनुरुप तयार हुने भएकाले र विद्यार्थीहरुको स्तर, उमेर र आवश्यकता अनुरुप पाठ्यपुस्तक निर्माण हुने हुँदा पाठ्यपुस्तकको आवश्यकता पर्दछ । शैक्षिक उद्देश्य पूरा गर्न, सम्पर्क स्थापित गर्न, व्यक्तित्व विकास गर्न, बोध अभिव्यक्ति क्षमताको विकास गर्न, राष्ट्रिय एकता कायम गर्न, कार्य सम्पादन गर्न, सिर्जनात्मक क्षमताको विकास गर्न र अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न पाठ्यपुस्तकको आवश्यकता पर्दछ (शर्मा, २०६८:पृ ३०) ।राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कृति प्रति प्रतिवद्ध भई नैतिकता, अनुशासन, स्वावलम्बन, सिर्जनशीलता जस्ता सामाजिक एवं चारित्रिक गुणहरुको विकासका लागि समेत पाठ्यपुस्तकको आवश्यक्ता पर्दछ ।

पाठ्यपुस्तक विश्लेषणका सम्बन्धमा धेरै अध्ययन भए तापनि कक्षा तीनको पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन भएको पाँइदैन । कक्षा तीनको पाठ्यपुस्तक बालबालिकाहरुको प्राथमिक तहको भाषा सिकाइको क्रममा अध्यापन गराइने प्रमुख शिक्षणको साधन हो । प्राथमिक तहका बालबालिकाहरुको रुचि, उमेर, क्षमता, बालमनोज्ञान अन्य तहका बालबालिकाहरुको भन्दा फरक रहेको हुन्छ । कक्षा एक, दुई तीन भाषिक सीप विकास गराउने प्रारम्भिक चरण हो । प्राथमिक तहको भाषा सिकाइले विद्यार्थीहरुलाई उच्च तहसम्म प्रभाव पार्ने गर्दछ । प्राथमिक तहका पाठ्यपुस्तक विद्यार्थीका लागिउच्च शिक्षाका लागि प्रमुख आधार हुने गर्दछ । परम्परादेखि नै नेपाली

भाषाको रुपमा रहेको हुँदा पाठ्यपुस्तक उपयुक्त हुनुपर्दछ । नेपाली भाषा राष्ट्रभाषा, साझाभाषा एवम् सम्पर्कभाषाको रुपमा रहेको परिप्रेक्षमा प्रस्तुत शोधपत्र तयार गर्नु पर्नाको कारण प्रष्ट हुन्छ ।

## १.२ समस्या कथन

यो शोधपत्रमा वर्तमान कक्षा तीनको मेरो नेपाली किताब सम्बन्धित समस्यामा केन्द्रित भएर अध्ययन गरिएको छ ।

क) कक्षा तीनको मेरो नेपाली किताब प्राथमिक नेपाली पाठ्यक्रम अनुरुप छ कि छैन ?

ख) पाठ्यपुस्तकमा राखिएका विधाहरु विद्यार्थीको स्तर अनुरुप छन् कि छैनन् ?

ग) पाठ्यपुस्तकको आन्तरिक पक्ष र बाह्य पक्ष कस्तो छ ?

घ) पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरु के के छन् ?

भन्ने प्रश्नहरुका आधारमा यो शोधकार्य अघि बढाइएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका निम्नलिखित उद्देश्यहरु रहेका छन् :

क) पाठ्यक्रम अनुरुपताका आधारमा नेपाली किताबको अध्ययन गर्नु,

ख) पाठ्यपुस्तकमा राखिएका विधाहरुको अध्ययन गर्नु ,

ग) आन्तरिक र बाह्य पक्षको आधारमा कक्षा तीनको नेपाली किताबको अध्ययन गर्नु,

घ) पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष केलाउँदै दुर्वल पक्षका निराकरणका लागि आवश्यक सुझाव दिनु ।

## १.४ अध्ययनको महत्त्व

कक्षा तीनको वर्तमान समयमा पढाइ भइरहेको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन भएको पाँइदैन । यसले गर्दा पाठ्यपुस्तकको समग्रताको अध्ययन हुन नसकेको कारणले गर्दा सम्बन्धित क्षेत्रमा विभिन्न बाधा र व्यवधानहरु सिर्जना भएको देखिन्छ । भाषा पाठ्यक्रमका अङ्गहरुको गुणका आधारमा भाषा पाठ्यपुस्तकका बिचमा तालमेल नभएको खण्डमा पुरै शिक्षण कार्य निरर्थक बन्दछ । प्रस्तुत पाठ्यपुस्तकको विश्लेषणमा कक्षा तीनको निम्ति यो पाठ्यपुस्तक कतिको उपयोगी छ ? यसमा के कस्ता कमजोरी छन् ? पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा कस्तो छ ? तिनमा सुधार ल्याउन के कस्ता प्रक्रियाको अवलम्बन गर्नु पर्दछ भन्ने सम्बन्धमा अध्ययन गरिएको छ । यो शोधपत्र सम्बद्ध शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखक, अनुसन्धान कर्ताका लागि उपयोगी हुने देखिन्छ ।

कक्षा तीनको वर्तमान समयमा पढाइ भइरहेको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन सम्पन्न भएपछि पाठ्यक्रममा कस्ता खालका उद्देश्यहरु राख्नु पर्ने हो ति उद्देश्य पूरा गर्न कस्ता कस्ता विधाका पाठहरु पाठ्यपुस्तकमा समावेश गर्ने भन्ने कुरामा सहयोग पुग्नेछ । पाठ्यपुस्तक निर्माणकर्तालाई पाठ्यपुस्तकमा कुन विधा कहाँ राख्नुपर्ने ? विधाहरुका क्रम कस्तो हुनुपर्ने ? शब्दभण्डारको ज्ञान कति बढाउनुपर्ने ? पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्ष कस्तो हुने ? भन्ने कुरामा सहयोग पुग्नेछ । शिक्षकलाई पाठ्यपुस्तकमा भएका कमी कमजोरीहरु पत्ता लगाउन सहज हुनेछ । शोधकार्य सम्पन्न भएपछि सम्बन्धित पक्षले पाठ्यपुस्तकमा सुधार ल्याउने भएकाले विद्यार्थीहरुको चाहना, स्तर र मनोवैज्ञानिक पक्षको ख्याल गरेर पाठ्यपुस्तक निर्माण हुने हुँदा विद्यार्थीहरुलाई सहयोग पुग्नेछ ।

यसले गर्दा यो शोधकार्य सम्पन्न भएपछि पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक, शिक्षक, विद्यार्थी, अभिभावक, अनुसन्धानकर्ता र पाठ्यपुस्तकको शुभचिन्तकका लागि उपयोगी हुने देखिन्छ ।

## १.५अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत शोधपत्रका निम्नलिखित सीमाहरु रहेका छन् :

क) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित कक्षा तीनको मेरो नेपाली किताबमा मात्र सीमित छ ।

ख) उक्त पाठ्यपुस्तकको अध्ययन विश्लेषण शैक्षिक पक्ष वा आन्तरिक पक्ष (विषयवस्तु, विधा तथा प्रस्तुति, भाषा, नमुना अभ्यास, चित्र) र भौतिक पक्षहरु (आवरण, छपाइ, अक्षरको आकार, काजगको स्तर, बँधाइ, मूल्य) का आधारमा विश्लेषण गरिएको छ ।

ग) पाठ्यपुस्तकको सबल र दुर्बल पक्ष केलाएर सुझाव प्रस्तुत गरिएको छ ।

यी बाहेकका कुराहरु यस शोधकार्यको सीमाका रुपमा रहेका छन् ।

### परिच्छेद-दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ सैद्धान्तिक साहित्यको पुनरवलोकन

पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण गर्दा व्यवहारवादी तथा मनोवादी सिद्धान्तलाई ध्यान दिइन्छ । यस सम्बन्धी अध्ययनहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

व्यवहारवादी सिद्धान्त मनोवैज्ञानिकहरुले जनावरहरुमा गरेका विभिन्न प्रयोगहरुमा आधारित गराएर विश्लेषण गरिएको सिद्धान्त हो । यस सिद्धान्तको मान्यता अनुसार भाषा सिकाइ भनेको सिकारुको वातावरणप्रतिको प्रतिक्रियाको परिणाम हो । सिकारुका लागि उसका पारिवारिक वातावरण, वस्तु र अवस्थाहरुप्रतिको प्रतिक्रिया देखाउनु नै सिकाइ हो भन्ने यस सिद्धान्तको धारणा रहेको पाइन्छ । यस सिद्धान्तले अरुले प्रयोग गरेको भाषालाई हेरेर, सुनेर वा भाषा प्रयोगका बारेमा व्याख्यान सुनेर भाषा सिक्ने कुरामा विश्वास गर्दैन साथै भाषा सिकेर सिकिने कुरा हो र यो स्वत : प्राप्त हुने कुरा होइन भन्ने विश्वास गर्दछ (पौडेल,२०६७ पृ ३१) । अतः सिकाइ सधैं वातावरणमा निर्भर गर्दछ ।

प्रयोजनवादले शिक्षा स्वयम् जीवन हो भन्ने विचार राख्दछ, तसर्थ शिक्षा जीवनभर चलिरहने प्रक्रिया हो । वर्तमान जीवन महत्वपूर्ण भएकाले शिक्षाले वर्तमान अवस्थाको समस्या समाधान गर्न सक्नुपर्छ । शिक्षा वर्तमान समाजसापेक्ष हुनुपर्दछ । तसर्थ बालकलाई बर्तमान समाजको सभ्यता, संस्कृति सम्बन्धमा शिक्षा दिनुपर्दछ । शिक्षा प्रजातान्त्रिक समाज निर्माण गर्न सक्ने हुनुपर्दछ । शिक्षा बालकको रुचि, क्षमता एवम् प्रकृतिअनुरुप  निर्धारण गरिनु पर्दछ । जसले बालकको व्यक्तित्व विकासमा प्रत्यक्ष सहयोग पुऱ्याओस् । शिक्षाले बालकलाई स्वःप्रेरित क्रियाकलाप गर्न, आत्म निर्भर भई जीवन निर्वाह गर्न, समाजमा प्रजातान्त्रिक वातावरण एवम् सद्भावना कायम गर्न एवम् स्वस्थ्यसमाजिक जीवन निर्वाह गर्न सक्ने तुल्याउनु पर्दछ । पाठ्यक्रममा मानिसको जीवनमा उपयोगी हुने विषयवस्तुहरु समावेश गरिनु पर्दछ ।जसले बालकको वर्तमान जीवनको समस्याहरु समाधान गर्न सकोस्, भविष्यलाई सुखमय जीवन बिताउन सकोस् पाठ्यक्रम बालकको रुचि, क्षमता र आवश्यकताअनुरुप विषयहरु समावेश गरिनु पर्दछ जसबाट बालकले सजिलैसँग विषयवस्तुको ज्ञान ग्रहण गर्न सकुन । बालकको जीवनका वास्तविक अनुभव र पाठ्यक्रमले निर्धारण गरेको विषयहरुबीच सह-सम्बन्ध हुनु पर्दछ (ढकाल, २०५८ पृ २०१) । भाषा सैद्धान्तिक ज्ञानमात्र नभई व्यवहारिक र प्रयोगपरक ज्ञान हो । त्यसैले पाठ्यक्रम तथा पाठ्यपुस्तक पनि

सैद्धान्तिक साथै प्रयोग क्षेत्रमा देखा परेका विविध समस्याको समाधानमा उपयोग गर्न सक्ने हुनुपर्दछ ।

सिकारुको शारीरिक र मानसिक अवस्था, तत्परता, आकाङ्क्षाको तह, उत्प्रेरणा, रुचि, आवश्यकता, विकासात्मक तह आदि मनोवैज्ञानिक तत्वहरु हुन् । यी तत्वहरु जति अनुकूल हुन्छन् त्यति नै सिकाइ सफल र प्रभावकारी हुन्छ । कुनै बालक वा व्यक्ति शारीरिक र मानसिक रुपमा जति स्वस्थ छ त्यति नै सिकाइ कार्यमा सहभागी हुन सक्छ । सिकारुमा पाइने संवेगात्मक अवस्था सँधै नकारात्मक रहेमा मानसिक तनाव उत्पन्न हुन गई सिकाइप्रति ध्यान जाँदैन तर आनन्द, खुसी माया-ममताजस्ता सकारात्मक संवेगले सिकाइमा सफलता प्राप्त गर्न सहयोग पुग्छ । त्यस कारण व्यक्तिको ज्ञानेन्द्रिय क्षमता, स्वधारणा, उमेर, रुचि, संवेग, परिपक्वता, प्रवृत्ति, मानसिक क्षमताजस्ता मनोवैज्ञानिक तत्त्वहरुले सिकाइलाई प्रभाव पार्छन् (भट्टराई, २०६८ पृ १५०) ।बालकको शारीरिक, मानसिक, संवेगात्मक, मनोवैज्ञानिक सवै पक्षलाई ध्यानमा राखेर पाठ्यक्रम तथा पाठ्यपुस्तकको निर्माण गर्नु पर्दछ ।

भाषा सिकाइमा मनोविज्ञानको भूमिका महत्त्वपूर्ण हुने गर्दछ । चम्स्की, पियाजे, ब्राउनजस्ता मनोभाषा वैज्ञानिकहरु भाषा सिकाइमा चेतना र मस्तिष्कको भूमिकालाई विशेष महत्व दिन्छन् । ज्ञानआर्जनको भूमिका बुद्धि र चेतनासँग हुने कुरा मनोवादीहरुको तर्क हो भने व्यवहारवादीहरु बुद्धि र चेतनाका सट्टमा अनुभव र व्यवहारलाई महत्व दिन्छन् ।  मनोवादी सिद्धान्तलाई आदर्श मान्नेहरू मनुष्यमा ज्ञान आर्जनको प्रक्रिया सामान्य अरू प्राणी भन्दा पृथक र विशिष्ट प्रकृतिको हुन्छ । भन्ने अभिमत राख्दछन् । व्यवहारवादीहरू भनेजस्तो बालक वा सिकारुको मस्तिष्क र चेतना रित्तो हुने कुरा मनोवादीहरु मान्दैनन् । बालकले जन्मजात रूपमा प्रतिभा बोकेर आएको हुनेहुँदा उसले थोरै सुनेको, थोरै जानेको, थोरै पढेको वा देखेको आधारमा नै भाषा वा व्याकरण विषयमा अन्य ज्ञान र सीप आर्जन गर्न सक्छ । बालक वा सिकारुमा जन्मजात रुपमा नै भाषिक सामर्थ्य रहेको हुन्छ भन्ने तर्क मनोवादीहरुको रहेको छ । (लम्साल, २०६७, पृ १६) । अतः बालकले वंशजको आधारमा जन्मजात रूपमा नै भाषा सिक्ने प्रतिभा लिएर आएको हुन्छ ।

पाठ्यक्रमले नै बालकको व्यवहार निर्दिष्ट गर्न मार्ग प्रदर्शन गर्ने भएकोले पाठ्यक्रम निर्माण गर्दा वैज्ञानिक तरिकालाई ध्यान दिन आवश्यक छ । विद्यालयले कस्तो उद्देश्य प्राप्त गर्ने , निर्धारित उद्देश्य प्राप्तिका लागि कस्ता अनुभव समावेश गर्ने, समावेश भएका अनुभवहरुको संगठन कसरी गर्ने र उद्देश्य प्राप्त भए नभएको कसरी मूल्यांकन गर्ने जस्ता आधारभूत कुराहरु नै पाठ्यक्रम

विकासका सिद्धान्त अन्तर्गत पर्दछन् । पाठ्यक्रम निर्माणका क्रममा उद्देश्यको निर्माण, सिकाइ अनुभवहरुको छनोट, शिक्षण सिकाइ क्रियाकलाप मूल्याङ्कनलाई अवलम्बन गर्नुपर्दछ ।

पाठ्यक्रम निर्माण गर्दा विभिन्न कुराहरुलाई आधार मानिन्छ । कुनै एउटा कुरालाई मात्र आधार मानियो भने त्यो पाठ्यक्रम जहिले पनि समाज सापेक्ष हुनुपर्दछ । समाजको मूल्यमान्यता, देशको आर्थिक अवस्था, विज्ञान, प्रविधिमा भएको विकास आदिलाई आधार नमानी पाठ्यक्रम निर्माण गर्न सकिदैन । पाठ्यक्रम निर्माण या विकासका प्रभाव पार्ने बुँदाहरु समकालीन समाज, बालकको अध्ययन, सिकाइ प्रक्रिया र अध्ययनको प्रकृति पर्दछन् ।

पाठ्यक्रमको त्यस्तो यन्त्र हो, जसलाई कुशल संचालनको आवश्यकता पर्दछ । पाठ्यक्रमसँग मुलूकको भविष्य गाँसिएको हुन्छ । पाठ्यक्रमको सफल कार्यान्वयन बाटै बालबालिकाको चौतर्फी विकास गर्न सहयोग पुग्दछ । पाठ्यक्रमको प्रयोगले रुची, इच्छा, शारिरीक एवं मानसिक क्षमता अनुसार बालबालिकाको व्यक्तित्वको विकास गर्न सहयोग गर्दछ । पाठ्यक्रमले पाठ्यपुस्तकको मात्र प्रयोग गर्ने वानी हटाएर विषयवस्तुको दायरालाई फराकिलो बनाउछ । पाठ्यक्रको प्रयोगले कुन तहका बालबालीकालाई कुन तह सम्मको ज्ञान दिनु उपयुक्त हुन्छ ? र विषयको गहनता अनुसार कति समय कुन विषयलाई दिनुपर्छ ? कुन मूल्याङ्कन प्रक्रिया बढी प्रभावकारी हुन्छ ? आदि विविध प्रश्नको निराकरण पाठ्यक्रमको प्रयोग पछि हुन्छ ।

पाठ्यक्रममा समावेश हुनुपर्ने पक्षहरुलाई नै पाठ्यक्रमका तत्त्व भनिन्छ । पाठ्यक्रम तयार गर्दा यस्ता तत्त्वहरु समावेश छैन भने त्यसलाई पूर्ण पाठ्यक्रम मान्न सकिदैन । पाठ्यक्रमलाई पूर्ण रुपमा सफल बनाउन पाठ्यक्रमका तत्त्वहरुले महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । ती तत्त्वहरुको वारेमा निम्नानुसार उल्लेख गरिएको छ ।

(क) उद्देश्य :

पाठ्यक्रकले विद्यार्थीमा कस्तो किसिमको ज्ञान प्रदान गर्दछ भनी स्पष्ट पार्नु नै पाठ्यक्रमका उद्देश्य हो । यसर्थ पाठ्यक्रम तह र कक्षाका लागि एकै प्रकारको हुँदैन । हरेक विषय, तह र उमेरका लागि पाठ्यक्रमले अलग-अलग उद्देश्य राखेको हुन्छ । प्रत्येक तहको पाठ्यक्रम निर्माण गर्दा बालबालिकाको क्षमता रुची मानसिक अवस्थालाई ध्यान दिइएको हुन्छ ।

(ख) विषयवस्तु :

पाठ्यक्रममा कुनै खास विषयमा केन्द्रित भएर सिकाइने विषयबस्तुलाई वा विषयसूची लाई यहाँ विषयवस्तु भनिन्छ । विषयवस्तुको छनोट गर्दा क्षेत्र र क्रमलाई ध्यान दिनुपर्दछ । विषयबस्तुको

तर्जुमा गर्दा विद्यार्थीको तह, उमेर र शैक्षिक उद्देश्य अनुसार तय गरिएको विषयवस्तुलाई क्षेत्रको रुपमा लिइन्छ भने सवै विषयवस्तुलाई एकपछि अर्को क्रमबद्ध रुपमा मिलाएर राखिने कार्यलाई क्रमको रुपमा लिइन्छ । अतः क्षेत्र र क्रमले विद्यार्थीको उमेरअनुसार कति ज्ञान र सीप दिने भन्ने कुराको निधो गर्ने भएकोले विषयवस्तुलाई पाठ्यक्रमको तत्वको रुपमा लिइन्छ ।

(ग) स्रोत/सामग्री

पाठ्यक्रमलाई समय सापेक्ष बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न स्रोत/सामग्रीहरुको आवश्यकता पर्दछ । पाठ्यक्रको उद्देश्य, विषयवस्तु अनुसार प्रयोग हुने सम्पूर्ण सामानहरुलाई स्रोत/सामग्री भनिन्छ । सामग्रीमा पर्ने कुराहरु पाठ्यपुस्तक, पाठ्यक्रम निर्देशन पुस्तिका, शिक्षक निर्देशिका, शैक्षिक सामग्रीहरु, भौतिक सुविधाहरु, सन्दर्भ सामग्रीहरु पर्दछन् ।

(घ) शिक्षण सिकाइ क्रियाकलाप

पाठ्यक्रमको अर्को महत्त्वपूर्ण तत्त्वको रुपमा शिक्षण सिकाइ क्रियाकलापलाई लिइन्छ । पाठ्यक्रमले तोकेका लक्ष्य र उद्देश्य पुरा गर्नका लागि शिक्षक र विद्यार्थीले विद्यालय भित्र वा वाहिर गरिने सम्पूर्ण क्रियाकलापलाई शिक्षण सिकाइ कार्यकलाप भनिन्छ ।

(ङ) मूल्यांकन

पाठ्यक्रमको अन्तिम र महत्त्वपूर्ण तत्त्व मूल्यांकन हो । पाठ्यक्रमले राखेको उद्देश्य पुरा भयो भएन भनी लेखाजोखा गर्ने कार्यलाई मूल्यांकन भनिन्छ । जवसम्म पाठ्यक्रमको उद्देश्य पुरा हुँदैन तव सम्म पाठ्यक्रमको अर्थ नरहने भएकोले मूल्याङ्कन पाठ्यक्रमको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

पौडेल, लम्साल, भण्डारी, कार्की द्वारा लेखिएका भाषा पाठ्यक्रम पाठ्य सामग्री तथा शिक्षण पद्धति पुस्तकहरुमा भाषा पाठ्यक्रमको परिचय परिभाषा, भाषा पाठ्यक्रमका प्रकार, भाषा पाठ्यक्रम निर्माणका चरणगत प्रक्रिया, भाषा पाठ्यपुस्तकको छनोट र स्तरण, भाषा पाठ्यक्रमको ढाँचा, भाषा पाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तकमा भिन्नता, माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको मूल्याङकन, भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताहरु, पाठ्यपुस्तक निर्माणका आधारहरू, भाषा पाठ्यक्रमको छनोट र स्तरण भाषा पाठ्यपुस्तक छनोटका आन्तरिक र बाह्य प्रभावकहरुको विस्तृत चर्चा गरिएको भए पनि कक्षा तीनको नेपाली पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप छ कि छैन, पाठ्यपुस्तकको आन्तरिक र बाह्यपक्षको सम्बन्धमा पाठ्यपुस्तकको सबल र दुर्बल पक्षका सम्बन्धमा भने केही चर्चा गरिएको छैन ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

सुवेदी (२०६१,पृ ५६) द्वारा *"कक्षा ७ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन"* विषयक शोधकार्य सम्पन्न गरिएको छ । शोधकार्यको उद्देश्यका रुपमा भाषा पाठ्यपुस्तकका बाह्य र आन्तरिक विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्नु रहेको छ । पुस्तकालयीय विश्लेषणात्मक विधिको प्रयोग गरी अभ्यासहरू विद्यार्थीको सिर्जनात्मक क्षमताको अभिवृद्धि गर्ने खालका नभई ज्ञानात्मक र सीपपरक प्रकृतिका छन् । पाठ्यपुस्तकको मूल्य उपयुक्त देखिए तापनि पाठ्यपुस्तक अधिराज्यभरी सर्वसुलभ हुन नसकेकाले व्यवस्थापन पक्षको कमजोरी देखिन्छ भनी निष्कर्ष निकालिएको छ । सिकिसकेका कुरा पुनरावृत्ति हुँदै अझ विस्तृत र गहन हुने गरी व्यवस्थित गरिनु पर्छ । पाठ्यपुस्तकमा नैतिक पक्षका विषयवस्तुका साथ साथै परिश्रम प्रति आस्था जगाउने खालका विषयवस्तु समावेश गरिनु पर्ने सुझाव दिएको पाइन्छ ।

फुयाँल (२०६२, पृ ३७) द्वारा *"कक्षा ८ को हाम्रो नेपाली किताबको विश्लेष्णात्मक अध्ययन"* विषयक शोधकार्य सम्पन्न गरिएको छ । शोध कार्यको उद्देश्यका रुपमा कक्षा ८ को हाम्रो नेपाली किताबको सबल र दुर्बल पक्ष पहिल्याउनु रहेको छ । पुस्तकालयीय खोज विधिको प्रयोग गरी पाठ्यपुस्तकमा समावेश गरिएका विधाहरुको रखाइ नमिलेको, सबै भाषिक सीपलाई समेट्ने अभ्यासहरु राखिएको पाइदैन भनी निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तकमा नमुना अभ्यासको निर्देशन स्पष्ट हुनुपर्दछ । पाठ्यपुस्तकमा शब्दभण्डार सम्बन्धी अभ्यासलाई थप गरिनु पर्दछ । भनी सुझाव दिएको पाइयो ।

शिवाकोटी (२०६२,पृ १६) द्वारा *"कक्षा ४ को मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन"* विषयक शोधकार्य गरिएको छ । शोधकार्यको उद्देश्यका रुपमा पाठ्यक्रम अनुरुपताका आधारमा मेरो नेपाली किताबको विश्लेषण गर्नु रहेको छ । पुस्तकालयीय र खोज विधिको प्रयोग गरी पाठको अन्त्यमा राखिएका नमुना अभ्यासहरुको समानुपातिक वितरण नभई कतै धेरै कतै थोरै रहेको पाठ्यपुस्तकमा छपाइ सम्बन्धी केहि त्रुटि भए पनि मसिको प्रयोग उपयुक्त भएको निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तकलाई पाठ्यक्रम अनुरुप बनाउन बालसाहित्य पढ्ने अभ्यास गरिनु पर्ने देखिन्छ भनी सुझाव दिएको पाइन्छ । नमुना अभ्यासको वितरण समानुपातिक नरहेको, छपाइ कमजोर रहेको, मसीको प्रयोग उपयुक्त रहेको पत्ता लगाउनु यस शोधका सबल पक्ष रहेका छन् ।

अधिकारी (२०६२, पृ २१) द्वारा *"पहिलो पाठ्यपुस्तक 'अक्षराङ्क शिक्षा' को विश्लेषणात्मक अध्ययन"* विषयक शोधकार्य सम्पन्न गरिएको छ । शोधकार्यका उद्देश्यका रुपमा बाल पाठ्यपुस्तकमा हुनु पर्ने गुणको आधारमा अक्षराङ्क शिक्षाको विश्लेषण गर्नु, अक्षराङ्क शिक्षा र पाठ्यपुस्तक शिशुबोधनी सामान्य तुलना गर्नु रहेको छ । पुस्तकालयीय विधिको प्रयोग गरी नेपाली भाषामा

नेपाली लेखकले लेखेका पाठ्यपुस्तक नै नभएको समयमा अक्षराङ्क शिक्षा जस्तो पाठ्यपुस्तकको रचना हुनु ऐतिहासिक दृष्टिकोणले महत्त्वपूर्ण भएको यस पाठ्यपुस्तकको लक्ष्य व्यावहारिक र जीवनोपयोगी शिक्षा दिने रहेको, सिकाइमा अभ्यासको महत्त्वपूर्ण भूमिका रहने तथ्य स्वीकारेको भनी निष्कर्ष निकालिएको छ । नेपाली भाषापाठ्यपुस्तक भएकाले अन्य कुराहरुलाई यस पाठ्यपुस्तकबाट हटाउनु पर्ने, निश्चित स्तर र तहको लागि भनेर पाठ्यपुस्तक तोकिनु पर्ने वर्णविन्यासगत एकरुपता हुनुपर्ने सुझाव दिएको पाइन्छ ।

दाहाल (२०६२, पृ २८) द्वारा *"पाठ्यक्रमअनुरुपता र पाठ्यपुस्तक विश्लेषणका आधारमा कक्षा ७ को 'हाम्रो नेपाली किताब' को अध्ययन"* विषयक शोधकार्य सम्पन्न गरिएको छ । शोधकार्यको उद्देश्यका रुपमा कक्षा ७ को हाम्रो नेपाली किताब पाठ्यक्रमको ढाँचानुसार निर्माण भए वा नभएको अध्ययन गर्नु, विद्यार्थीहरुको रुचि, क्षमता, भाषा प्रस्तुति र व्याकरण यस पाठ्यपुस्तकमा उचित रुपमा समावेश भए नभएको अध्ययन गर्नु रहेको छ । पुस्तकालयीय र खोज विधिको प्रयोग गरी लेखाइ सीपका तुलनामा अरु सुनाइ, बोलाइ र पढाइसम्बन्धी भाषिक सीपहरु ओझलमा परेका, कक्षा ७ को हाम्रो नेपाली किताब सीपमुखी भन्दा बढी ज्ञानमुखी भएको, विधा सामान्जस्यता दृष्टिले सन्तुलित नभएको र आकारका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली किताब उपयुक्त नै भएको र पाठ्यपुस्तकको मूल्य उचित भएको भनी निष्कर्ष निकालिएको छ । सुनाइ, बोलाइ र पढाइसम्बन्धी भाषिक सीपसँग सम्बन्धित अध्यासहरु थप गरिनु पर्ने, वाक्य गठनसम्बन्धी त्रुटिहरु सच्याइनु पर्ने, भाषागत जटिलतालाई कम गर्दै लानुपर्ने, नमूना अभ्यासमा भाषिक पक्षमा जोड दिनुपर्ने, बँधाइमा विशेष ध्यान दिनुपर्ने, उखान टुक्का तथा मौखिक र लिखित अभिव्यक्तिहरुको विस्तृतीकरण गरेर लेख्ने अभ्यासहरु थपिनुपर्ने सुझाव दिएको पाइन्छ ।

राय (२०६२, पृ ६६) द्वारा *"भाषा पाठ्यक्रम र पाठ्यपुस्तक विश्लेषणका आधारबाट कक्षा ६ को हाम्रो नेपाली किताबको अध्ययन"* विश्लेषण विषयक शोधकार्य सम्पन्न गरिएको छ । शोधकार्यको उद्देश्यका रुपमा पाठ्यक्रमअनुरुपताका आधारमा हाम्रो नेपाली किताबको विश्लेषण गर्नु, भाषा पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष पहिल्याउनु र पाठ्यपुस्तकको सुधारका लागि सुझाब दिनु रहेको छ । पुस्तकालयीय र विश्लेषणात्मक विधिको प्रयोग गरी पाठ्यपुस्तकमा प्रयोग भएका केही शब्दहरु कक्षा ६ का विद्यार्थीहरुको स्तर अनुकूल नरहेको, अभ्यासको सङ्ख्या कम भएको, पाठ्यपुस्तकमा सीप पक्षलाई भन्दा ज्ञान पक्षलाई प्राथमिकता दिएको, पाठ्यपुस्तक आवरण पृष्ठको सजावट, कागज र बँधाइका दृष्टिकोणले सन्तोषजनक नभएको, पाठमा सबै प्रकारका अभ्यासहरुको सङ्ख्या भएको, पाठ्यपुस्तकमा समाविष्ट भएका पाठ्यसामग्रीहरु पाठ्यक्रमको उद्देश्यअनुरुप नै

भएको भनी निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरु स्पष्ट र रङ्गीन हुनु पर्ने, लामा भएका पाठहरुलाई छोट्याउनु पर्ने, विषयवस्तुलाई सरलबाट जटिलतर्फ क्रम मिलाएर राखिनु पर्ने, सीप पक्ष वृद्धि गर्ने खालका अभ्यासहरु थप गर्नु पर्ने र आवरण पृष्ठ प्लाष्टिकले लेमिनेशन गर्नुका साथै भित्री कागज अझ स्तरीय हुनुपर्ने र साथै बँधाइ धागोले गर्नु पर्ने सुझाव दिएको पाइन्छ ।

ढकाल (२०६७) द्वारा *“भाषापाठ्यक्रम र भाषापाठ्यपुस्तक मूल्याङ्कनका आधारमा कक्षा २ को मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन”* विषयक शोधकार्य सम्पन्न गरिएको छ । शोधकार्यको उद्देश्यका रुपमा कक्षा दुईको ‘मेरो नेपाली किताब’ लाई प्राथमिक पाठ्यक्रम अनुरुपताका दृष्टिले अध्ययन गर्नु, भाषापाठ्यपुस्तकमा हुनुपर्ने गुणका आधारमा विवेच्य कृतिको अध्ययन गर्नु, कक्षा २ को मेरो नेपाली किताबमा समाविष्ट विषयवस्तुको सम्बन्धमा आवश्यक सुझाव दिनु रहेको छ । वर्णनात्मक, विश्लेषणात्मक, पुस्तकालयीय र छलफल विधिको प्रयोग गरी पाठ्यपुस्तकमा राखिएका पाठहरु पाठ्यक्रमको उद्देश्यअनुरुप रहेका , चित्रहरु स्पष्ट, चम्किला र रङ्गीन बनाउनु पर्ने, विषयसूचीमा विधाको नाम उल्लेख गर्नुपर्ने, सिलाइमा धागोको प्रयोग गर्नुपर्ने सुझाव दिएको पाइन्छ ।

ढकाल (२०६७) द्वारा *“कक्षा ४ को मेरो नेपाली किताबको पाठ्यक्रमअनुरुपताको अध्ययन”* विषयक शोधकार्य सम्पन्न गरिएको छ । शोधकार्यको उद्देश्यका रुपमा पाठ्यक्रमअनुरुप मेरो नेपाली किताब कक्षा ४ को विश्लेषणात्मक अध्ययन गर्नु, पाठ्यक्रमका आधारमा पाठ्यपुस्तकका पाठहरुको अध्ययन गर्नु, पाठ्यपुस्तकमा कार्यमूलक व्याकरण र उपयुक्त शब्दभण्डार समावेश भए/नभएको अध्ययन गर्नु, पाठ्यक्रमअनुरुपताको आधारमा देखापरेका कमीकमजोरी पत्ता लगाई सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । विश्लेषणात्मक, तुलनात्मक र अनुसन्धानात्मक विधिको प्रयोग गरी कक्षा ४ मा व्याकरण सम्बन्धी अभ्यासहरु न्यून मात्रामा रहेको, पाठ्यपुस्तकको बाहिरी आवरण र पृष्ठको चित्र रङ्गीन र आकर्षण चित्रमा रहेको, भाषिक संरचना र शैलीका आधारमा पाठहरु केही सरल र सरस नै रहेको, चित्रहरु सान्दर्भिक र आकर्षक रहेका, सुनाइ र बोलाइ सीपलाई कम महत्त्व दिएको अभ्यास प्रायजसो शब्दभण्डारमै आधारित गरी निर्माण गरिएको, अभ्यासमा रहेको, कविता विधामा कविको चिनारी राखिएको छैन भनी निष्कर्ष निकालिएको छ । पाठ्यक्रममा तोकिएको उद्देश्यानुसार पाठहरु समेट्नु पर्ने, पाठहरु सरलबाट जटिल रुपमा प्रस्तुत गर्नुपर्ने, उद्देश्य पुरा हुने गरी अभ्यासहरु समेटिनु पर्ने, वाक्य संरचनामा सुधार गर्नुपर्ने, आवरण पृष्ठ दह्रो आकर्षक र रङ्गीन भएको देखिनुपर्ने, पाठ्यपुस्तकमा मनोरञ्जनात्मक पाठहरु समावेश गरिनुपर्ने सिर्जनात्मक शैलीका

अभ्यासहरु राखिनुपर्ने, विद्यार्थीको उमेर, रुचि स्तर अनुसारका पाठहरु समेट्नु पर्ने, तोकिएको मूल्य घटाइ सबैको पहुँचमा हुने गरी निर्धारण गर्नु पर्ने सुझाव दिएको पाइन्छ ।

सुवेदी (२०६७, पृ ६८) द्वारा *"पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा ९ को नेपाली पाठ्यपुस्तकको विष्लेषणात्मक अध्ययन"* शीर्षक शोधकार्य सम्पन्न गरिएको छ । शोधकार्यको उद्देश्यका रुपमा पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यहरु प्राप्तिका लागि पाठ्यपुस्तक कति सम्म उपयुक्त छ भनी पत्ता लगाउनु, भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको तालमेलको अवस्था अध्ययन गर्नु, निर्धारित पाठ्यवस्तु अनुरुपका विधा र क्षेत्रहरु क्रमिकता मिले नमिलेको पत्ता लगाउनु, पाठ्यपुस्तकमा समाविष्ट भाषा तत्व सम्बन्धित विषयवस्तुहरु कक्षा स्तर अनुरुप छन् छैनन् मूल्याङ्कन गरी निष्कर्ष निकाल्नु, पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध र त्यसको आवश्यकता र महत्व पत्ता लगाई भाषिक सीप विकास उपयुक्तताको खोजी गर्नु रहेको छ । सामग्री सङ्कलन विधिको प्रयोग गरी पाठ्यक्रम अनुसार पाठ्यपुस्तक भाषिक सीपसँग सम्बन्धित सबै उद्देश्य पूरा गर्न सक्षम रहेको, पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्धारण गरेका सबैखाले विधा तथा क्षेत्रका सामग्रीहरु समावेश गरिएका, व्याकरण खण्डका सबै विषयवस्तु स्तर र तह अनुरुप पूर्व ज्ञानलाई ख्याल गरेर राखिएको, भाषिक सीपको पूर्ण उपलब्धिका लागि समयावधि अलिक कम भएको, शब्दभण्डारको क्षेत्रमा तत्सम शब्दको बढी प्रयोग गरिएको पाइन्छ भन्ने निष्कर्ष निकालिएको छ । सुनाइ बोलाइ सीपसँग सम्बन्धित अभ्यास कम देखिएकाले त्यसप्रति सचेत हुनु पर्ने भाषिक सरलतायुक्त छोटा र रोचक खालका विधाहरु समावेश गर्नु पर्ने आवश्यकता रहेको र पाठ्यवस्तुको प्रस्तुति पृथकीकृत रहेकाले त्यसलाई एकीकृत गराउनु पर्ने आवश्यकता देखिएको सुझाव दिएको पाइन्छ ।

प्रस्तुत अध्ययनहरुले विभिन्न तहका पाठ्यपुस्तकहरुको अध्ययन अनुसन्धान गरेर भाषा पाठ्यपुस्तकहरु भाषा पाठ्यक्रम अनुरुप भए नभएको पत्ता लगाई, पाठ्यपुस्तकमा भएका विभिन्न कमी कमजोरीहरुलाई औंल्याउने काम गरेका छन् । भाषा पाठ्यक्रम र पाठ्यपुस्तक विश्लेषणका आधारमा पाठ्यपुस्तकको विश्लेषण गरी पाठ्यपुस्तकमा भएका कमी कमजोरीहरु पत्ता लगाउनु, पाठ्यपुस्तक सुधारका लागि सुझाब दिनु यी शोधहरुको सबल पक्ष रहेका छन् । कक्षा तीनको मेरो नेपाली किताबको सम्बन्धमा भने केहि पनि उल्लेख गरिएको पाँइदैन तसर्थ प्रस्तुत शोधमा पाठ्यपुस्तकको आन्तरिक र बाह्यपक्षको आधारमा र पाठ्यक्रम अनुरुपताको आधारमा विश्लेषणात्मक अध्ययन प्रस्तुत शोधमा गरिएको छ ।

## २.३ अध्ययनका लागि पुनरवलोकनको उपादेयता

माथि उल्लेखित शोधपत्रहरु र पुस्तकहरुको समीक्षाको आधारमा यस विषयसँग सम्बन्धित अनुसन्धान तथा लेखहरुमा पाठ्यपुस्तक विश्लेषण सम्बन्धी भनिएको कुरालाई सङ्क्षिप्त रुपमा चर्चा गरियो । यस विषयमा उल्लेखित अध्ययनहरुले प्रस्तुत शोधकार्य सम्पन्न गर्न सहयोग पुऱ्याएका छन् । उक्त अध्ययनहरुको उद्देश्य, निष्कर्षमा र मुख्य भागमा भाषा पाठ्यपुस्तकको परिचय, महत्व यसको प्रयोग आवश्यकता यसमा हुनुपर्ने गुणका बारेमा केन्द्रित रहेको पाइयो । प्राथमिक तहको कक्षा तीनको नेपाली भाषा पाठ्यपुस्तकको अवस्था यसमा भएका कमीकमजोरी यसको आन्तरिक र बाह्य पक्षका सम्बन्धमा उक्त अध्ययनहरु गौण रहेका छन् । अत:यस अध्ययन पूर्व भएका कार्यहरुलाई जगका रुपमा लिदैं प्रस्तुत शीर्षकमा अध्ययन गर्नु आवश्यक ठानिएको छ ।

## २.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा

प्रस्तुत अध्ययनको अवधारणात्मक ढाँचा यस प्रकारको रहेको छ :




यो शोधपत्र कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययनमा सीमित रहेको छ । पाठ्यक्रम अनुरुपताका आधारमा यसलाई अध्ययन गरिएको छ । साथै यसै पाठ्यपुस्तकभित्र भएका विभिन्न विषयवस्तु, पाठमा भएका अभ्यास, चित्रहरु लगायत पाठ्यपुस्तकका आन्तरिक र बाह्यपक्षका आधारमा समेत यसलाई अध्ययन गरिएको छ । प्रस्तुत शोधपत्रको विश्लेषण गर्ने सैद्धान्तिक आधारको रुपमा बर्णनात्मक, विश्लेषणात्मक र पुस्तकालयीय विधिको उपयोग गरिएको छ । त्यस्तै गरी पाठ्यपुस्तक निर्माणको सिद्धान्तका आधारमा विश्लेषण विधिका निमित्त शिक्षाविद्, पाठ्यक्रम, पाठ्यपुस्तक विशेषज्ञ तथा अध्येताहरुले निर्धारण गरेका पाठ्यापुस्तक विश्लेषण सैद्धान्तिक मान्यताको अध्ययन पश्चात तथ्याङ्कसमेत सङ्कलन गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

परिच्छेद-तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

शोधपत्र तयार गर्ने क्रममा विभिन्न विधिको प्रयोग गर्न सकिन्छ । तर सबै प्रकारका अध्ययन विधिहरुको प्रयोग गर्न सम्भव हुँदैन । त्यसैले शोधको शीर्षक, प्रकृति, समयको उपलब्धता आदिको आधारमा शोध विधिको चयन गर्नु उपयुक्त देखिन्छ । यो शोधपत्र 'कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषण' भएकाले यसमा भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणालाई आत्मसात गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यस क्रममा यहाँ 'कक्षा तीनको मेरो नेपाली किताब' मा राखिएका विधाहरु विद्यार्थीको निम्ति उपयोगी भएको वा नभएको सम्बन्धमा अध्ययन गरिएको छ । यो अध्ययनमा वर्तमान कक्षा तीनको नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकलाई मुख्य रुपमा लिएको छ भने पाठ्यक्रम र पाठ्यपुस्तकका सम्बन्धमा लेखिएका सामग्रीलाई गौण रुपमा अपनाइएको छ ।

प्रस्तुत शोधपत्रको विश्लेषण गर्ने सैद्धान्तिक आधारको रुपमा वर्णनात्मक, विश्लेषणात्मक र पुस्तकालयीय पद्धतिको उपयोग गरिएको छ । त्यसै गरि पाठ्यपुस्तक निर्माणको सिद्धान्तका आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

### ३.२ अध्ययनको क्षेत्र

कुनै पनि अध्ययन अनुसन्धानलाई सफल र प्रभावकारी बनाउनका लागि अध्ययनको क्षेत्र आवश्यक पर्दछ । यस शोधपत्रको अध्ययन क्षेत्र कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययनमा सीमित रहेको छ । यसै पाठ्यपुस्तकभित्र भएका विभिन्न विषयवस्तु पाठमा भएका अभ्यास, चित्रहरु लगायत पाठ्यपुस्तकका आन्तरिक र बाह्य पक्ष यसको मुख्य अध्ययन क्षेत्र रहेको छ ।

### ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका

शोधकार्यलाई उद्देश्यपूर्ण बनाउनका लागि विभिन्न किसिमका तथ्याङ्क सङ्कलनका साधन र तरिकाहरु अपनाउने गरिन्छ । यस शीर्षकमा शोधपत्र तयार पार्नका लागि पुस्तकालयीय अध्ययन विधि अपनाइएको छ भने पाठ्यपुस्तक विश्लेषणका विधिका निम्ति शिक्षाविद्, पाठ्यक्रम

पाठ्यपुस्तक विशेषज्ञ तथा अध्याताहरुले निर्धारण गरेका पाठ्यपुस्तक विश्लेषण सम्बन्धी सैद्धान्तिक मान्यताहरुको अध्ययन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया**

यस शोध शीर्षकमा तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित तहका पाठ्यक्रम, पाठ्यपुस्तक र विभिन्न अनुसन्धान कर्ताहरुले गरेका अनुसन्धान तथा अग्रजहरु, शिक्षकहरुको सहयोग लिएर तथ्याङ्क सङ्कलन गरिएको छ ।

**३.५ तथ्याङ्क व्याख्या र विश्लेषण प्रक्रिया**

शोधपत्र तयार गरिने क्रममा सङ्कलन गरिएका तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गर्नु पर्ने हुन्छ । तथ्याङ्कको व्याख्या र विश्लेषण गर्ने विभिन्न तरिकाहरु मध्ये यस शोध शीर्षक तयार पार्ने क्रममा व्याख्यात्मक र वर्णनात्मक ढङ्गले तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

## परिच्छेद-चार

# कक्षा तीनको मेरो नेपाली किताबको विश्लेषण

### ४.१ पाठ्क्रम अनुरुपताका आधारमा वर्तमान पाठ्यपुस्तकको अध्ययन

शैक्षणिक प्रयोजनका दृष्टिले पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शैक्षिक क्षेत्रमा गरिने लगानी, शैक्षिक प्रक्रिया र प्रतिफललाई समावेश गरि पाठ्यक्रम निर्माण गरिन्छ । यस सैद्धान्तिक विषयवस्तुमा आधारित भई सामान्य लक्ष्यहरुको उल्लेख गरिन्छ । यसमा रहेका विषयवस्तुमा शैक्षिक, साँस्कृतिक, राजनैतिक तथा राष्ट्रिय प्रवृत्तिहरुको झलक पाइन्छ । पाठ्यक्रम भनेकै कुनैपनि कार्यक्रमको योजनाबद्ध ठोस प्रस्तुति हो । कुनै खास तहको शैक्षिक उद्देश्य निर्धारण गर्ने, निर्धारित गरिएका उद्देश्यअनुरुप विषयवस्तुहरु छनोट गर्ने, शैक्षणिक विधि, आवश्यक सामग्री तथा मूल्याङ्कन प्रविधिसमेत उल्लेख गरिने काम पाठ्यक्रममा गरिन्छ (लम्साल, २०६७ पृ.५) । अतः पाठ्यक्रम भनेको समग्र शैक्षणिक कार्यक्रमहो भन्न सकिन्छ ।

समान्य अर्थमा पाठ्यक्रम भन्नाले विद्यार्थीहरुलाई के पढाउने भन्ने कुराको हेक्का दिलाउने दस्तावेज हो तर व्यापक अर्थमा यो विद्यालयको निर्देशनमा तयार गरिएको विद्यार्थीहरुको सिकाइ अनुभवहरुमा आधारित व्यवस्थित एवम् नियोजित शैक्षणिक कार्यक्रम हो । त्यसैले कसलाई पढाउने, किन पढाउने, के पढाउने, पढाइको प्रभावकारिता कसरी जाँच गर्ने आदि यावत कुराहरुको स्पष्ट मार्ग निर्देशनका रुपमा पाठ्यक्रमलाई सचेततापूर्वक निर्माण र उपयोग गरिनु  पर्दछ (पौडेल, २०६७ पृ. १) ।पाठ्यक्रम विना शैक्षणिक कार्यक्रम नै असफल हुन्छ ।

विद्यालय शिक्षामा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । विद्यालयतहको प्रारम्भिक कक्षादेखि अनिवार्य पठनपाठन हुने यस विषयलाई प्रभावकारी र व्यावहारिक ढङ्गले शिक्षण गर्न उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्रीको आवश्यकता पर्दछ । उद्देश्यमुलक, समस्यामूलक, समय सापेक्ष र व्यावहारिक पाठ्यक्रमले मात्र परिवर्तित सन्दर्भ, सामाजिक मूल्यमान्यता, विश्वजनित नवीनतम् ज्ञान र न्यूनतम विषयगत ज्ञानलाई समेट्न सक्छ । नेपाली भाषा विषयको पाठ्यक्रममा विभिन्न उमेर समूहका सबै बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सीप र अभिवृत्तिगत सिकाइ उपलब्धि, शिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रुपमा प्रस्तुत गरिएको छ । प्राथमिक तहमा नेपाली सिकाइनुको प्रयोजन वर्णचिनारी, शब्दार्थ र सरल

वाक्यको प्रयोग तथा सामान्य भाषिक क्षमता अभिवृद्धि गर्नु हो (पौडेल, २०६९ पृ. १८९) । अतः पाठ्यक्रमले तय गरेका उद्देश्य तथा निर्देश गरेका भाषिक विषयवस्तुहरुको क्षेत्र र क्रमको दायराभित्र रही शिक्षण सिकाइका निम्ति उपयुक्त हुने गरी भाषिक सामग्रीहरुको विस्तृत सङ्कलन र सङ्गठन नै पाठ्यपुस्तक हो ।

पाठ्यक्रमले तोकेअनुरुप नै विधाका क्षेत्रहरुमा पनि बालगीत, बालकथा, प्रबन्ध, संवाद आदिलाई अवलम्बन गरी पाठ्यपुस्तक निर्माण भएको पाइन्छ । व्याकरणिक पक्षहरु अनुलेखन, हिज्जे, निर्देशित रचना आदि पक्षलाई समेत यथाशक्य पाठ्यक्रमको भावअनुरुप नै पाठ्यपुस्तकमा देखाइएको पाइन्छ । बालबालिकाहरुलाई व्यावहारिक तथा कार्यमूलक रुपमा भाषा सिकाउने प्रयास पाठ्यपुस्तकमा भएको छ । प्राथमिक तहको उद्देश्य नै बालबालिकामा भाषिक सीपको विकास गर्नु भएकाले त्यो उद्देश्य पुरा गर्नका लागि पाठ्यपुस्तकमा विविध क्रियकलापहरु जस्तो कि कुराकानी, छलफल, अभिनय, प्रश्नोत्तर आदि खेलका माध्यमबाट पनि भाषिक सीप आर्जन गराउन सकिन्छ । त्यसैले प्राथमिक तहको तेस्रो खुड्किलाको रुपमा रहेको कक्षा तीनको मेरो नेपाली पुस्तक पाठ्यक्रमको मर्म अनुरुप निर्माण भएको देखिन्छ । पाठ्यक्रमले तय गरेका उद्देश्य तथा निर्देश गरेका भाषिक विषयवस्तुहरुको क्षेत्र र क्रमको दायराभित्र रही शिक्षण सिकाइका निम्ति उपयुक्त हुने गरी भाषिक सामग्रीहरुको विस्तृत सङ्कलन र सङ्गठन पाठ्यपुस्तकमा गरिइको छ । त्यही शिक्षण क्रममा, जुन विषयवस्तु तोकेको छ  तिनै विषयवस्तुमा, जुन कार्यकलापहरुको निर्देशन गरेको छ, त्यस्तै कार्यकलापमा पाठ्यपुस्तक लेखिएको पाइन्छ । त्यसैगरी पाठ्यक्रमले जति क्षेत्र तोकेको छ त्यति नै क्षेत्रमा, जुनजुन मूल्याङ्कन प्रक्रिया निर्देश अनुरुप गरेको पाइएको छ । यसका साथै विद्यार्थीका भाषा सिकाइ प्रवृत्ति, रुचि, स्तर, क्षमता, आवश्यकता, भाषिक अनुभव तथा पृष्ठभूमि जस्ता कुरालाई आत्मसात गरेर पाठ्यक्रमका अपेक्षाअनुरुप उपलब्धि हासिल गराउन भरपर्दो सहयोग मिल्ने किसिमले पाठ्यपुस्तकको निर्माण भएको पाइन्छ । निष्कर्षमा पाठ्यक्रम र पाठ्यपुस्तकको घनिष्ट सम्बन्ध रहेको हुन्छ । पाठ्यक्रमकै मूल मर्मलाई पहिल्याएर पाठ्यपुस्तकलाई प्रभावकारी, उपयोगी तथा सान्दर्भिक बनाउने प्रयास भएको छ ।

### ४.१.१ पाठ्यक्रमका उद्देश्यका आधारमा पाठ्यपुस्तकको अध्ययन

प्राथमिक तहमा नेपाली भाषा अध्ययन अध्यापन गर्नु गराउनुको प्रमुख उद्देश्य नै विभिन्न विधाका माध्यमबाट भाषिक सीप र सृजनात्मक क्षमताको विकास गराउनु हो । यही कुरालाई आत्मसात गरी नेपाली विषयको पाठ्यक्रममा विभिन्न किसिमका विषयवस्तु र भाषातत्व समावेश

गरिएको पाइन्छ । पुरानो पाठ्यक्रमभन्दा वि.सं. २०६४ को पाठ्यक्रम समय सापेक्ष, उपयोगी तथा व्यावहारिक रहेको छ ।

कुनै पनि व्यक्ति वा समूहले केही काम गरे बापत केही न केही प्राप्त गर्ने अपेक्षा गरेको हुन्छ । उद्देश्यले साध्य वस्तुलाई सङ्केत गर्छ । यो गन्तव्य स्थान र कार्य गर्ने प्रारम्भ विन्दु पनि हो । विना उद्देश्य कुनै पनि कार्य सफलतापूर्वक पूरा गर्न सकिदैन र समय र स्रोतहरु मात्र बढी खर्च हुन्छ । उद्देश्यले कार्यलाई सुनिश्चित, सुव्यवस्थित र सुसङ्गठित बनाउँछ । शैक्षिक प्रक्रिया पनि उद्देश्य विना अगाडि बढ्न सक्दैन । शिक्षा प्राप्त गर्नु भनेको कुनै पनि विषयमा निश्चित ज्ञान, सीप प्राप्त गर्नु र तिनीहरुलाई व्यवहारमा लागु गराउन सक्ने बनाउनु हो । यसप्रकार ज्ञान, सीप अनुभवद्वारा व्यक्तिको व्यवहारमा व्यावहारिक परिवर्तन गराउनुलाई शिक्षाको उद्देश्य मानिन्छ ( भट्टराई, २०७० पृ. ३४) ।पाठ्यक्रम र पाठ्यपुस्तकको घनिष्ट सम्बन्ध रहेको हुन्छ । पाठ्यक्रमकै मूल मर्मलाई पहिल्याएर पाठ्यपुस्तकलाई प्रभावकारी, उपयोगी तथा सान्दर्भिक बनाउने प्रयास गरेको पाइन्छ ।

पाठ्यक्रममा निर्धारण गरेको उद्देश्यअनुसार विषयवस्तुहरु के कति मात्रामा समेटिएको छ । यसको क्षेत्र र क्रमलाई तालिकामा प्रस्तुत गरिएको छ ।

*कार्यमूलक व्याकरण बोलाइ र लेखाइका लागि मात्र हो ।

**यो सिकाइउपलब्धिले अनुसार कक्षा ३ मा आफ्नो परिवेश र अन्य क्षेत्रका २००० शब्दसम्मको शब्दभण्डार वृद्धि गरी र, अनि जस्ता संयोजक प्रयोग गरेर पाँच छ शब्दसम्मका वाक्य बोल्न र लेख्न सक्ने अपेक्षा गरिएको छ । यो कक्षा ३ मा सबै विषय पढ्दा विकास हुने अपेक्षा हो । नेपाली विषयमा मात्र यी शब्दको शब्दसीमा खोजी गर्न आवश्यक छैन तर बढी शब्द तथा वाक्य प्रयोग गर्ने पक्षमा भने ध्यान दिनुपर्छ ।

भाषिक सीपका पक्षहरु तथा त्यसको कार्यक्षेत्रलाई निम्नानुसार विश्लेषण गरिएको छ :-

**(क) सुनाइ**

सुनाइ भाषाको पहिलो आधारभूत सीप हो । सामान्यतया अरुले व्यक्त गरेका विचारहरुलाई कानले सुन्नु नै सुनाइ हो । सुनाइ सीपको विकास नभई अन्यसीपको विकास हुन सक्दैन । यसमा मौखिक भाषा सुन्नु र त्यसमा व्यक्त भएका विचार एवम् भावलाई ग्रहण गर्नु आवश्यक हुन्छ । जस्तै, कुराकानी सुन्नु कथा सुन्नु, भाषण सुन्नु । सुनाइ भाषाको पहिलो सीप हो । त्यसकारण भाषिक क्षमता गर्न सुनाइ क्षमतालाई प्रवल गराउनुपर्दछ । भाषाको सिकाइ सुनाइबाट नै शुरु हुन्छ । सुनेर बुझ्न थालेपछि मात्र बालबालिकाहरुमा बोलाइ प्रस्फुटित हुन थाल्दछ (अधिकारी, २०६५ पृ ४ ) । प्राथमिक तहको पाठ्यक्रमले सुनाइ सीप विकासका लागि निम्न लिखित तीन वटा उद्देश्य राखेको छ : -

क) विभिन्न प्रकारका निर्देशनहरु सुनेर सोहि अनुसार गर्न ।

ख) कुनै विषयवस्तुको वर्णन छलफल आदि ध्यानपूर्वक सुनी तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन

ग) कथा, कविता आदि आनन्द लिने गरी सुन्न ।

पाठ्यक्रमका यी उद्देश्यहरु पुरा गर्नका लागि निम्ति पाठ्यपुस्तकमा छ वटा कविता र पाँचवटा बालकथा रहेका छन् । त्यस्तै विविध विधा अन्तर्गत मेरो नेपाली किताबमा १८ वटा पाठहरु रहेका छन् । ती हरेक पाठको अन्त्यमा अभ्यास राखिएको छ । ती अभ्यासमा शिक्षकले भनेको सुन्, अरुले सुन्ने गरी पढ् भनिएको छ । यसबाट बालबालिकाहरुको सुनाइ सीप विकास हुने अपेक्षा गरिएको पाइन्छ । सुनाइ सीपका लागि २५ प्रतिशत छुट्याइएको छ ।सुनाइ सीपका लागि ५१ घन्टी पाठ्यभार छुट्याइएको छ । यस भीत्र कुनै खास समय र अवस्थामा गर्नु भनेको काम सोहि समय र अवस्थामा गर्न,दुईतीन वाक्य सम्मको सूचना सुनेर अरुलाई बताउन, वस्तु,जनावर तथा चराचुरुङ्गीले निकाल्ने आवाज छुट्याउन, उस्तै ध्वनि सुनिने शब्दबाट ध्वनि पहिचान गर्न जस्तैः पाथी–पाठी, टाटो–तातो, काम–खाम जस्ता शब्दहरु सुनाएर ठ–थ, ट–त र क–ख वर्ण उच्चारण

गर्न, विशेष वातावरणमा (मन्दिर, हाटबजार आदिमा) हुने कुराकानी सुनी प्रतिक्रिया जनाउन र विधुतीय सञ्चार माध्यमबाट बाल उपयोगी कार्यक्रम रूचि लिएर सुन्न सक्ने कुरा सुनाइ सीपको सिकाइ उपलब्धिमा राखिएको छ ।

**ख) बोलाइ**

बोलाइ भाषाको दोस्रो आधारभूत सीप हो । यो सुनाइ पछिको अर्को महत्वपूर्ण सीप हो । आफ्ना मन-मस्तिष्कमा रहेका भाव एवम् विचारहरु अरुसमक्ष मौखिक रुपमा व्यक्त गर्नुलाई बोलाइ भनिन्छ । यसमा विचारको सङ्गठन तथा सिलसिलाको महत्व रहन्छ । विचार अभिव्यक्ति गर्नका लागि बोलाइ शिक्षणकै आवश्यकता पर्दछ । बोलाइबाट नै भाषाको वास्तविक स्वरुप प्रदर्शित हुन्छ ( अधिकारी, २०६५ पृ. ४) । बोलाइ सीप विकासका लागि प्राथमिक शिक्षा पाठ्यक्रमले तीन वटा उद्देश्यहरु राखेको छ : -

क) शब्दहरु शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वभाविक गतिका साथ बोल्न ।

ख) देखेका, सुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन ।

ग) कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङगले राख्ने ।

बोलाइ सीप विकासका लागि कक्षा तीनको पाठ्यपुस्तकमा विभिन्न विधाका पाठहरु जस्तो की कविता, कथा, प्रबन्ध, संबाद जीवनी रहेका छन् । ती सम्पूर्ण पाठका अन्त्यमा दिएका अभ्यासहरुले पनि बोलाइ सीपको विकासमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । बोलाइ सीपको विकासका लागि २५ प्रतिशत छुट्यइएको छ । बोलाइ सीपका लागि ६४ घन्टी पाठ्यभार छुट्याइएकोछ । यस सीप भित्र संयुक्त वर्ण भएका शब्दहरूको शु¢उच्चारण गर्न,शिष्टाचारका शब्द प्रयोग गरी बोल्न जस्तैः नमस्ते÷नमस्कार, तिमी, तपाईं, हजुर, धन्यवाद । देखेसुनेका र पढेका कुराको मौखिक वर्णन गर्न, बालगीत र कविताहरू लय मिलाई ब्यक्तिगत तथा समूहमा हाउभाउ सहित गाउन, आफुले जानेका बालकथा भन्न सक्ने कुरा बोलाइ सीपको सिकाइ उपलब्धिमा राखिएको छ ।

**(ग) पढाइ**

पढाइ भाषाको तेस्रो आधारभूत सीप हो । लिपिबद्ध गरिएका सामग्रीमा व्यक्त विचार एवम् भावलाई ग्रहण गर्नुलाई पढाइ भनिन्छ । पढाइ भनेको लिखित सामग्रीलाई आँखा र मस्तिष्कका माध्यमबाट अर्थ ग्रहण गर्ने प्रक्रिया हो । पढाइ ज्ञान आर्जनको महत्वपूर्ण माध्यम पनि हो । लिखित सामग्रीलाई स्वर निकाली उच्चारण गरी पढ्ने कार्य सस्वर पढाइ हो । यो सस्वर र मौन गरी दुई

प्रकारको हुन्छ । प्राथमिक कक्षाहरुमा मौन पढाइलाई भन्दा सस्वर वाचनलाई नै प्राथमिकता प्रदान गरिएको पाइन्छ (अधिकारी, २०६५ पृ ४ ) । पढाइ सीप विकासका लागि पाठ्यक्रमले निम्न तीन वटा उद्देश्य तोकेको पाइन्छ :-

क) नेपाली भाषामा लेखिएका सरल पाठ्य सामग्रीहरु गति र यति मिलाई स्पष्ट पढ्न ।

ख) स-साना सूचना विवरण पढेर आशय बुझ्न ।

यी माथिका उद्देश्य पूरा गर्न पाठ्यपुस्तकमा विभिन्न विधाका पाठहरु राखिएका छन् । पढाइ सीप विकासका लागि २५ प्रतिशत छुट्याइएको छ ।लेखिएका कुराहरू शुद्ध र स्पष्ट उच्चारण गरी पढ्न, साइनबोर्ड र पोष्टरहरू पढ्न, साधारण सूचनाहरू र अन्य विवरणहरू शुद्धसँग पढ्न,यति, गति मिलाई सस्वर पढ्न, सरल कथा÷कविताहरू हाउभाउसहित पढ्न सक्ने कुरा पढाइ सीपको सिकाइ उपलब्धिमा राखिएको छ ।

**(घ) लेखाइ**

आफूलाई मनमा लागेका कुराहरु उपयुक्त ढाँचामा लेखेर व्यक्त गर्ने सीप लेखाइ हो । आफ्ना भनाइहरु सम्प्रेषण गर्न र सार्वजनिक गर्न यो सीप उपयोगी देखिन्छ । पढाइ पछि मात्र यो सीपको विकास हुन्छ । बालकले पढेपछि विस्तारै लेख्न शुरु गर्छ । लेखाइ मौन रुपमा मनोभाव व्यक्त गर्ने महत्वपूर्ण माध्यम हो । यसलाई भाषा शिक्षणको अन्तिम अङ्ग मान्न सकिन्छ । मानिसको विचारलाई शब्दको रुपमा सञ्चय गरेर अनन्त कालसम्म सुरक्षित राख्ने अविनाशी साधन नै लेखाइ हो (ढुङ्गेल, २०६८ पृ.२४५) । लेखाइ सीप विकासका उद्देश्यहरु निम्न छन् :-

क) ठीक दूरीमा बान्की मिलाएर अक्षर लेख्न ।

ख) देखे, सुनेका र अनुभव गरेका कुराहरु सिलसिला मिलाएर शुद्धसँग लेख्न ।

ग) आफ्नो अनुभवका सेरोफेरोका विषयमा छोटा लिखित रचना तयार गर्न ।

यी उद्देश्य पुरा गर्नका लागि पाठ्यपुस्तकमा विवध विधाका पाठहरु दिइनुका साथै अभ्यास अन्तर्गतका प्रश्नहरुको उत्तर लेख्न लगाइएको छ । कापीमा सार, शिक्षकले भनेको सुनेर लेख, ठीक शब्द छानेर लेख जस्ता कुराको माध्यमबाट लेखाइ सीप विकासमा जोड दिएको छ । कविता अन्तर्गत असल विचार, किताब, खेतीवाल, नेपाली, घामछाया, सानु छ है सानु जस्ता पाठहरु समेटिएको छ । जसको उद्देश्य लेखाइ सीपकोभन्दा पनि मौखिक सीपको विकास गर्ने रहेको छ । त्यस्तै कथा अन्तर्गत ढुङ्गाको खिचडी, अनौठो परीक्षा, नयाँ वर्षको उपहार, बाँदर र गोही, छट्टु बटुवा रहेका छन् । प्रबन्ध अन्तर्गतका पाठहरु म को हुँ ?, खेर नफालौं, सगरमाथा, वीरमानका दिन फर्किए रहेका छन् । हाटबजार, अचम्मको कुरा आदि पाठहरु संवाद अन्तर्गत रहेका छन् ।

कक्षा तीनको मेरो नेपाली किताबमा रहेका विविध पाठ्यांशले पढाइ सीप विकासमा टेवा दिए तापनि मुख्य गरी पाठ्यअन्तर्गत समेटिएका अभ्यासहरुको माध्यमबाट लेखाइ सीपको विकास गर्ने लक्ष्य राखेको पाइन्छ । लेखाइ सीप विकासका लागि २० प्रतिशत छुट्याइएको छ ।लेखाइ सीपका लागी ६४ घन्टी पाठ्यभार छुट्याइएको छ । यसभित्र आफुलाई मनपर्ने चित्रहरू बनाइ लिखित वर्णन गर्न, हिज्जे मिलाएर शब्द लेख्न, बान्कि मिलेका वर्णहरू ठिक दुरीमा लेख्न, साधारण अनुच्छेदको अनुलेखन गर्न, सरल वाक्यको श्रुतीलेखन गर्न, निर्देशन अनुसार छोटा अनुच्छेद लेख्न, पूर्णविराम, अल्पविराम र प्रश्नवाचक चिह्नको प्रयोग गर्न सक्ने कुरा लेखाइ सीपको सिकाइ उपलब्धिमा राखिएको छ ।

**(ङ) कार्यमूलक व्याकरण**

भाषा शिक्षणको प्रमुख प्रयोजन नै सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चार सीपको समुचित विकास गराउनु हो । यी सीपहरुमा दक्षता हासिल गर्नका लागि कार्यमूलक व्याकरणको पनि आवश्यकता पर्दछ । कक्षा तीनको मेरो नेपाली किताबमा कार्यमूलक व्याकरणको स्पष्टसँग उल्लेख नभए तापनि प्रस्तुत पाठ्यपुस्तकमा व्याकरणलाई आगमन विधि अनुसार सिकाइएको छ । व्याकरणलाई सूत्रका रुपमा नसिकाई प्रयोगात्मक रुपमा सिकाउनु उपयुक्त हुनाले सोहि अनुसार प्रशस्त अभ्यासहरु दिई व्याकरणको जानकारी गराइएको छ । वाक्यमा शब्द शुद्धि, चिन्ह प्रयोग वाक्यको गठनमा व्याकरण शिक्षणको प्रमुख भूमिका हुने भएकाले प्रयोग गरेर पढाईने प्रक्रियालाई प्रयोग मुलक व्याकरण भनिन्छ । यस्तो प्रक्रियामा प्रयोग, अभ्यास आदि कै महत्व हुन्छ । प्राथमिक तहमा व्याकरण शिक्षण गर्दा प्रयोगका माध्यमबाट सिकाउनु पर्ने भएकाले कार्यमूलक व्याकरणबाट शिक्षण प्रभावकारी र स्थायी हुन सक्छ ।

कार्यमूलक व्याकरणका लागि कक्षा तीनको मेरो नेपाली किताबमा ५ प्रतिशत छुट्याइएको छ । कक्षा तीनको कार्यमूलक ब्याकरण भित्र पदसङ्गति अन्तर्गत वचन,लिङ्ग,पुरुष आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न सक्नेछन् भन्ने कुरा विशिष्ट उदेश्यमा राखिएको छ । एक वचन नाम शब्दमा “हरु” लगाएर बहुवचन बनाउन र एक वचनका शब्दको रुप बदलिएर बहुवचन बनाउन सिकाउने र एकवचनको कर्ता तथाबहुवचनका कर्तासँग क्रियाको मेल गराउन अभ्यास गराउने कुरा राखिएको छ । जस्तैः

| एक वचन | बहुवचन |
|---|---|
| राम | रामहरु |
| चरो | चराहरु |

राम पढ्छ ।　　　　　　　　　　　　　रामहरु पढ्छन् ।

गाई चर्छ ।　　　　　　　　　　　　　गाईहरु चर्छन ।

पुलिङ्ग कर्ता अनुसार पुलिङ्ग क्रिया र स्त्रीलिङ्ग कर्ता अनुसार स्त्रीलिङ्ग क्रिया प्रयोग गरी बोल्न र लेख्न सिकाइएको छ । जस्तैः केटो आयो । केटी आई ।

म पढ्छु ।, म खान्छु ।, तँ पढ्छस् ।, तिमी पढ्छौ ।, तिमी खेल्छौ ।, तपाईं पढ्नुहुन्छ ।, ऊ पढ्छ ।, उनी पढ्छन् ।, उनी पढ्छिन् । जस्ता थुप्रै वाक्यको उदाहरण दिई 'म', 'तँ', 'तिमी', 'तपाईं', 'ऊ', 'उनी' कर्तासँग उपयुक्त क्रिया प्रयोग गरी बोल्ने र लेख्ने अभ्यास राखिएको छ ।

सामान्य वर्तमाान र सामान्य भूतकालको प्रयोग गरी बोल्न र लेख्न सक्ने बनाउन विभिन्न अभ्यास राखिएको छ । जस्तैः तिमी के गर्छौ ? तिम्री आमा के गर्नुहुन्छ ? तिमीले हिजो के गऱ्यौ ?

### ४.१.२ शिक्षण विधि/प्रक्रिया

प्राथमिक तहमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइएको छ । यस तहमा कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाहरुले व्यवहारिक शिक्षा तथा जीवनपयोगी सीप आर्जन गर्न सक्ने र उनीहरुमा रहेको प्रतिभा प्रष्फुटनको सम्भावना रहने भएकोले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीकेन्द्रित र बालमैत्री शिक्षण विधि अपनाइएको छ । सवै प्रकारका आवश्यक्ता भएका विद्यार्थीलाई समेट्न कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाइएको छ ।

### ४.१.३ पाठ्यक्रम मूल्याङ्कन

पाठ्यक्रमलाई समसामयकि, स्तरीय, गुणात्मक, बालकेन्द्री : जीवनोपयोगी र समावेशी बनाउन निम्नानुसारको मूल्यांकन अपनाइएको छ ।

(क) प्राथमिक तहमा निर्माणात्मक/सुधारात्मक मूल्यांकन आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिएको छ । निर्माणात्मक मूल्यांकनको मुख्य उदेश्य विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाई उपलब्धिका आधारमा पटकपटक सिकाइ अवसर प्रदान गरिएको छ ।

(ख) कथा १-३ का विद्यार्थीको कार्य सञ्चालिका (प्रगति विवरण ) फाइल राख्ने गरिएको छ । कार्यसञ्चालिका फाइललाई विद्यार्थीको काक्षा कार्य, परियोजना कार्य, उपलब्धि परिक्षा, विद्यार्थीमा आएको व्यवहारिक परिवर्तन अवलोकन, हाजिरी आदिका माध्यमले अधावधिकका वारेमा प्रत्येक महिना अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चालीकामा

त्यसको अभिलेख उल्लेख गरिएको छ । यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिइएको छ ।

(ग) कक्षा १-३ मा निर्माणात्मक पद्धतिको आधारमा विद्यार्थीको मूल्यांकनको उदार कक्षोन्नतिनीति लागु गरिएको छ । यसका लागि यसै खण्डको नं. २ मा उल्लेखित साधनहरुलाई प्रयोगमा ल्याइएको छ ।

(घ) कक्षा १-३ मा उदार कक्षोनति गरिने भएकोले सवै विषयमा झै नेपालीमा पनि उत्तीर्णाङ्क तोकिएको छैन ।

(ङ) उदार कक्षोन्नतिको मुख्य ध्येय शैक्षिक सत्रभरिको शिक्षण सिकाइ क्रियाकलपामा सरिक भएका विद्यार्थीहरुलाई प्रोत्साहन स्वरुप उनीहरुकै व्यवहार परिवर्तनलाई आधार मानि कक्षोन्नति गर्नु हो । विद्यालयमा अति कम उपस्थित भएका र न्यूनतम सिकाइ उपलब्धि हासिल नगरेका विद्यार्थीहरुका लागि पुन : सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षक अभिभावक र प्रधानाध्यापकको निर्णयबाट कक्षोन्नति गर्ने गरिएको छ ।

(च) नं. २ मा प्रस्तुत साधनहरु प्रत्येक विषयका लागि व्यवस्था गरिएको छ । यी साधनहरुको प्रयोग कसरी गर्ने भन्ने कुराको जानकारी प्रत्येक विषय अन्तर्गत विषय विस्तृतीकरणमा समेत सङ्केत गरिएको छ ।

(छ) कक्षा १-३ मा विद्यार्थीले गरेका प्रगतिका आधारमा उनीहरुलाई 'क' 'ख' र 'ग' श्रेणीमा वर्गीकरण गरिएको छ ।

(ज) विविध सिकाइ आवश्यक्ता भएका विद्यार्थीहरुका लागि उपयुक्त हुनेमूल्याङ्कन प्रक्रिया अपनाएको छ ।

### ४.२ आन्तरिक पक्षको आधारमा कक्षा तीनको नेपाली किताबको अध्ययन

#### ४.२.१. स्तरगत उपयुक्तता

कुनै पनि पाठ्यपुस्तकमा राखिएका पाठहरु सम्बन्धित विद्यार्थीको तह वा स्तर सुहाउँदो छ कि छैन ती पाठहरु बुझेर विद्यार्थीहरुको अपेक्षित व्यवहारमा सुधार आउँछ कि आउँदैन भनी अध्ययन गर्नु स्तरगत उपयुक्तता हो । यसका लागि त्यस पाठ्यपुस्तकपभित्र प्रयुक्त पाठ्यवस्तु, शब्दभण्डार, भाषा, अभ्यास, चित्र आदि आन्तरिक आधारअन्तर्गत स्तरगत उपयुक्तता जाँच्ने कसीहरु हुन् । तसर्थ भाषा पाठ्यपुस्तकका स्तरगत उपयुक्तता निर्धारण गर्ने प्राज्ञिक तत्वहरु निम्नानुसार छन्:

**क) विषयवस्तु**

एउटा असल पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु विभिन्न सान्दर्भिक स्रोतबाट लिने गरिन्छ। पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तुले पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको क्षमता, रुचि, स्तर, उमेर र समयको मागलाई आत्मसाथ गर्नु पर्दछ। यसले गर्दा पाठ्यक्रमका उद्देश्य पूर्ति गर्न सहयोग पुग्दछ। कक्षा तीनको मेरो नेपाली किताबमा विद्यार्थीका विचार तत्वलाई अभिवृद्धि गर्ने, असल चरित्रको निर्माण गर्ने एवम् साँस्कृतिक र भौगोलिक विविधतालाई समेट्ने खालका विषयवस्तु समावेश भएको देखिन्छ।

कक्षा तीनको मेरो नेपाली किताबमा समाविष्ट विषयवस्तुहरु विभिन्न क्षेत्रसँग सम्बन्धित देखिन्छन्। विषयवस्तु छनोट गर्ने सन्दर्भमा सामान्यत : पाठ्यक्रमको निर्देशनलाई पालना गरिएको छ। कक्षा तीनका विद्यार्थीहरुको उमेर, क्षमता, रुचि, स्तर आदिका आधारमा विचार गर्दा यो पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुमध्ये केही विषयवस्तु विद्यार्थीहरुको स्तरभन्दा माथि उठेको देखिन्छ। विषयवस्तुको प्रस्तुतिमा सरल र जटिलताको क्रमलाई वेवास्ता गरिएको छ। यो पाठ्यपुस्तकमा विविध विषयवस्तुलाई समेटेर १८ वटा पाठहरु पठनपाठनका लागि प्रस्तुत गरिएको छ।

प्रस्तुत पुस्तकको पहिलो पाठमा ***'असल विचार'***कविता राखिएको छ। यसमा कविताका माध्यमबाट ज्ञान गुन सिकेर असल खराब छुट्याऊ, राम्रा कुरा बढाऊ र खराब बानी हटाऊ भन्ने विषयवस्तुलाई प्रस्तुत गरिएको छ।यो विद्यार्थीको स्तर अनुकूल बालबालिकाहरुलाई पढाइप्रति उत्प्रेरणा जगाउने खालको सान्दर्भिक र उपयुक्त देखिन्छ। दोस्रो पाठमा *'ढुङ्गाको खिचडी'*कथा राखिएको छ। यसमा बुद्धिको उचित प्रयोग गरेर कन्जुस बूढीलाई झुक्याई चलाख बटुवाले ढुङ्गा पकाएर खाने बहानामा खिचडी बनाएर खाएको छ। यो विद्यार्थीको निम्ति उपयुक्त स्तरको देखिन्छ। तेस्रो पाठमा *'म को हुँ ?'*प्रबन्ध राखिएको छ यसमा पानीका रुप तथा विभिन्न अवस्थालाई प्रस्तुत गरेको देखिन्छ। यो पनि विद्यार्थीको निम्ति स्तर अनुकुल रहेका पाइन्छ।

चौथो पाठमा *'किताब'*कविता राखिएको छ। यस कविताको माध्यमबाट किताबले ज्ञानगुनका कुरा दिई अज्ञानलाई सखाप पार्छ साथै मानिसको जीवनमार्गलाई प्रदर्शित गर्छ  भन्ने विषयवस्तुलाई प्रस्तुत गरिएको छ। यो विद्यार्थीको स्तर अनुकुल बालबालिकाहरुलाई पढाइप्रति उत्प्रेरणा जगाउने खालको सान्दर्भिक र उपयुक्त देखिन्छ। पाँचौ पाठमा *'अनौठो परीक्षा'* कथा राखिएको छ। यसमा विद्यार्थीले प्राप्त गरेको ज्ञान र बुद्धिको परीक्षा गर्दै अन्तमा एकजना विद्यार्थीले मात्र गुरुको उपदेशलाई सहि तरिकाले प्राप्त गरेको देखाइएको छ। यो विद्यार्थीको निम्ति उचित र

स्तरअनुरुप नै देखिन्छ । छैठौं पाठमा *'हाटबजार'* संवाद दिएको छ । यस पाठमा हाटबजारमा के कस्ता सामानहरु किन्न र बेच्न सकिन्छ भन्ने कुरालाई प्रष्ट्याईएको छ । यो विद्यार्थीको स्तर अनुरुप सान्दर्भिक छ ।

सातौ पाठमा *'खेतीवाल'*कविता दिएको छ । यसमा सबैले परिश्रमी, मेहनती र सिर्जनशील बन्नुपर्ने सन्देश दिन खोजेको छ । यो विद्यार्थीको निम्ति उपयुक्त स्तरको देखिन्छ । आठौं पाठमा *'नयाँ वर्षको उपहार'*कथा दिएको छ । यसमा एक अर्कासगँ भएको सामान साटासाट गरी नयाँ वर्ष मनाउन सकिने कुरालाई देखाउन खोजिएको छ । यो पनि विद्यार्थीको स्तर अनुकुल रहेको पाइन्छ । नवौ पाठमा ***'खेर नफालौं'*** प्रबन्ध दिइएको छ । यस पाठमा खानेकुरा, पैसा, शक्ति र समयलाई कहिल्यै खेर फाल्नु हुँदैन भन्ने सन्देश दिएको छ । यी कुराहरुको आफ्नो आफ्नै ठाउँमा महत्वपूर्ण छ । यो विद्यार्थीको स्तर अनुरुप नै रहेको छ ।

दशौ पाठमा ***'नेपाली'***कविता दिइएको छ । यसमा वीर नेपालीहरुले देशका लागि ज्यानलाई बाजी राखेर युद्ध गर्दा शत्रु परास्त भै भागेको साथै नेपालीहरु स्वाभिमानी र पुरुषार्थी भनी विश्वले चिनेको कुरा उल्लेख गरिएको छ । यो विषयवस्तु कक्षा तीनमा अध्ययनरत विद्यार्थीको स्तरभन्दा माथि उठेको देखिन्छ । त्यसैले यो पाठ कक्षा तीनको विद्यार्थीहरुललाई असान्दर्भिक हुने देखिन्छ । एघारौ पाठमा *'महाकवि देवकोटा'*जीवनी दिएको छ । यसमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जीवनसँग सम्बन्धित कुराहरु तथा उनको कृतिहरुको बारेमा जानकारी दिएको छ । यो पाठ विद्यार्थीको स्तर अनुरुप नै रहेको छ । बाह्रौं पाठमा *'अचम्मको कुरा'*संवाद दिएको छ । यसमा सपनामा मान्छे जत्रा कमिलाहरु त्यसमा पनि चिनी र गोवर कमिलाहरु दुइटैले लुगा लगाएका र एक आपसमा कुरा गरेका विषयवस्तु प्रस्तुत गरिएको छ । यो संवाद कक्षा तीनका विद्यार्थीहरुका लागि असान्दर्भिक र बढी काल्पनिक रहेको पाइन्छ ।

तेह्रौं पाठमा *'घामछाया'*कविता दिइएको छ । यसमा घाम र छायाको वारेमा कुराहरु देखाउन खोजीएको छ । यस कवितामा प्रकृतिसँगको व्याख्या गरिएको पाइन्छ । यो पाठ कक्षा तीनको बालबालिकाको लागि अलि गाह्रो रहेको छ । यस पाठ कक्षा तीनको विद्यार्थीको स्तर अनुसार असान्दर्भिक रहेको छ । चौधौं पाठमा *'बाँदर र गोही'* कथा दिएको छ । यसमा बलको प्रयोग गरेर गोहीले बाँदरलाई मार्न खोजिरहेको हुन्छ र त्यस्तो अवस्थामा बाँदरले पनि आफ्ने बुद्धिको प्रयोग गरी गोहीबाट ज्यान बचाउन सफलभएको देखाइएको छ । यस पाठमा बलभन्दा बुद्धि ठूलो हुन्छ भन्ने कुराको जानकारी दिन्छ । यस पाठ बालबालिको लागि स्तर अनुरुप नै रहेको छ । पन्ध्रौं पाठमा 'सगरमाथा'प्रबन्ध दिइएको छ । यस पाठको माध्यमबाट बालबालिका लाई नेपालको सगरमाथ

संसारको सबैभन्दा ठूलो हिमालको नामको रुपमा चिन्न सक्ने बनाएको छ । यसमा सबै भन्दा पहिले तेन्जिङ नोर्गे र एडमण्ड हिलारीले सफलताका साथ आरोहण गरे भन्ने कुराको जानकारी दिएको छ । यो पाठ कक्षा तीनको बालबालिकाको लागि सान्दर्भिक रहेको छ ।

सोह्रौं पाठमा *'सानु छ है सानु'*कविता दिइएको छ । यसमा सानो घर भए पनि त्यसमा नै रमाउनुपर्छ भन्नेकुराको सन्देश दिएको छ र आफ्नो पाखुरी चलाएर कमाएको खाँदा मीठो हुने कुरालाई नै कवितामा प्रस्तुत गरिएको छ साथै काम जस्तोसुकै गर्ने सबै मानिसलाई सम्मान गर्नुपर्छ भन्ने कुराको बारेमा पनि विद्यार्थीहरुलाई सिकाउन खोजिएको छ । यो पाठ विद्यार्थीको स्तरअनुसार उपयुक्त रहेको छ । सत्रौं पाठमा *'वीरमानका दिन फर्किए'*प्रवन्ध दिएको छ । यस पाठमा वातावरण राम्रो राख्नको लागि रुख विरुवा रोप्नुपर्छ भन्ने कुरा प्रस्तुत गरिएको छ र रुख, बोटविरुवालाई विनास गरेमा विभिन्न प्रकारका प्राकृतिक विपत्ति खप्नु पर्दो रहेछ भन्ने कुराको चेतना दिइएको छ । यो पाठ पनि विद्यार्थीहरुको लागि सान्दर्भिक रहेको पाइन्छ । अठारौं पाठमा ***'छट्टु बटुवा'***कथा दिएको छ । यसमा बटुवाले किसानलाई झुक्याई उसको स्वास्नीबाट गोरु किसानलाई बेचेको भनी रु. पाँचहजार लिई भागेको कुरा वर्णन गरिएको छ । यो पाठ बालबालिकाको लागि सान्दर्भिक रहेको छ ।

कक्षा तीनको मेरो नेपाली किताबका कविता, कथा, प्रबन्ध, संबाद, जीवनी गरी ५ वटा विधाका १८ वटा पाठहरु पठनपाठनका लागि समावेश गरिएका छन् । ती विधा अर्न्तगत रहेका पाठहरुको विधा तथा प्रस्तुतिलाई तलको तालिकामा देखाइएको छ :-

| क.स. | विधा | विधागत पाठहरु | लेखक | सङ्ख्या |
|---|---|---|---|---|
| १. | कविता | १. असल विचार | श्रमिक बराल | ६ |
| | | २. किताब | सिद्धिचरण श्रेष्ठ | |
| | | ३. खेतीवाल | पारसमणि प्रधान | |
| | | ४. नेपाली | चन्द्रप्रसाद न्यौपाने | |
| | | ५. घामछाया | माधव घिमिरे | |
| | | ६. सानु छ है सानु | कृष्णप्रसाद पराजुली | |
| २. | कथा | १. ढुङ्गाको खिचडी | सम्पादन | ५ |
| | | २. अनौठो परीक्षा | " | |
| | | ३. नयाँ वर्षको उपहार | " | |

| | | | | |
|---|---|---|---|---|
| | | ४. बाँदर र गोही<br>५. छट्टु बटुवा | "<br>" | |
| ३ | प्रबन्ध | १. म को हुँ ?<br>२. खेर नफालौं<br>३. सगरमाथा<br>४. वीरमानका दिन फर्किए | सम्पादन<br>"<br>"<br>" | ४ |
| ४ | संबाद | १. हाटबजार<br>२. अचम्मको कुरा | सम्पादन<br>" | २ |
| ५ | जीवनी | १. महाकवि देवकोटा | सम्पादन | १ |

स्रोत : कक्षा तीनको मेरो नेपाली किताब

**ख) शब्दभण्डार**

भाषा पाठ्यपुस्तकलाई स्तरीय बनाउने आधारहरुमा शब्दभण्डार पर्दछ । भाषा पाठ्य पुस्तकमा शब्द भण्डारको स्तरयुक्त नियन्त्रण र सङ्गठित व्यवस्थापन मिलाएको हुनु आवश्यक छ । त्यो विद्यार्थीहरुको पूर्व शैक्षिक अनुभवसित सम्बन्धित हुन सकोस् स्तर र क्षमताअनुकूल हुन सकोस्, सरलदेखि जटिलताको क्रममा आबद्ध हुन सकोस्, आधारभूत धरातलबाट क्रमश : माथि उठ्दै नजानिदो ढङ्गले फैलिन सकोस्, दैनिक जीवनका भाषिक व्यवहारमा सान्दर्भिक ढङ्गले उपयोग हुन सकोस् जस्ता पक्षमा विशेष ख्याल राख्नु आवश्यक छ । एउटै पाठ्यपुस्तक भित्र पनि अघिल्लो पाठभन्दा दोस्रो पाठमा बीस प्रतिशतभन्दा बढी नहुने गरी नयाँ शब्दहरु थपिनु आवश्यक छ । र ती थपिएका शब्दहरु आगामी पाठहरुमा सान्दर्भिक ढङ्गले दोहोरिनु र प्रयोग गरिनु आवश्यक छ । कुनै पाठमा एउटा पनि नयाँ शब्द नथपिने र कुनै पाठमा अत्याधिक शब्द थपिने जस्ता असङ्गत प्रक्रियाबाट भाषा पाठ्यपुस्तक मुक्त हुनु आवश्यक छ । तल्लो स्तर वा कक्षामा प्रयोग भइसकेका कम्तीमा पनि असी प्रतिशत शब्दहरुकै आधारमा माथिल्लो कक्षामा बढीमा बीस प्रतिशत मात्र नयाँ शब्द थप्ने सचेतता अपनाउनु पर्दछ । (पौडेल, २०६७, पृ: १५२)

कक्षा तीनको नेपाली पाठ्यपुस्तकमा पूर्व पठित पाठमा प्रयुक्त शब्दको आवृति गर्दै कक्षा एक र दुइको तुलनामा केहि नविन शब्दको थपोट गरिएको छ । जसलाइ परिशिष्ट'ख' मा राखिएको छ । पाठ एक *असल विचार*कविता ४७ शब्दको, पाठ दुई *ढुङ्गाको खिचडी*कथा ३२६ शब्दको, पाठ तीन *म को हुँ ?*प्रबन्ध २६८ शब्दको, पाठ चार *किताब*कविता ७० शब्दको, पाठ पाँच *अनोठौ परीक्षा* कथा २७९ शब्दको, पाठ छ *हाटबजार*संवाद २१७ शब्दको, पाठ साथ *खेतीवाल*कविता ७४ शब्दको,

पाठ आठ *नयाँ वर्षको उपहार*कथा ४१२ शब्दको, पाठ नौ *खेर नफालौं*प्रबन्ध २६२ शब्दको, पाठ दश *नेपाली*कविता ७० शब्दको, पाठ एघार *महाकवि देवकोटा*जीवनी २६५ शब्दको, पाठ बाह्र *अचम्मको कुरा*संवाद ३८६ शब्दको, पाठ तेह्र *घामछायाक*विता ५९ शब्दको, पाठ चौध *बाँदर र गोही*कथा २७७ शब्दको, पाठ पन्ध्र ***सगरमाथा***प्रबन्ध २२० शब्दको, पाठ सोह्र *सानु छ है सानु*कविता ४८ शब्दको, पाठ सत्र *वीरमानका दिन फर्किए*प्रबन्ध २०९ शब्दको, पाठ अठार *छट्टु बटुवा* कथा ४५४ शब्दको रहेको पाइन्छ ।

यस पाठ्यपुस्तकमा पाठमा प्रयुक्त शब्दहरु सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको छ ।जसलाइ वर्णक्रम अनुसार परिशिष्ट 'क' मा राखिएको छ ।कक्षा एकको अन्त्यमा सबै विषय पढिसकेपछि १००० शब्द सम्मको शब्द भण्डार क्षमताको वृद्धि गर्ने उद्देश्य राखिएको छ । कक्षा दुईमा शब्द भण्डार वृद्धि गरेर ५०० नविन शब्द थपेर कक्षा दुईको अन्त्यमा १५०० शब्द सम्मको शब्द भण्डारमा वृद्धि गर्ने उद्देश्य राखिएको छ भने कक्षा तीनमा अरु ५०० नविन शब्द थपेर २००० शब्द सम्मको शब्द भण्डारमा वृद्धि गरिएको छ । पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरु सहज, सरल र व्यवहारिक जीवनमा उपयोगी छन् । प्रस्तुत पाठ्यपुस्तकमा प्रत्येक पाठको अन्त्यमा राखिएका जम्मा १२९ वटा शब्दहरु र तीनको अर्थ दिइएको छ तर शब्द र अर्थ सहजरुपमा नदिएर शब्द र अर्थको जाडा मिलाऊ, खाली ठाउँ भर भनी अभ्यासको रुपमा दिइएको पाइन्छ । यस पाठ्यपुस्तकमा *असल विचार*सबै भन्दा कम ४७ शब्दको र *छट्टु बटुवा*कथा सबै भन्दा बढी ४५४ शब्दको राखिएको पाइन्छ ।

**ग) भाषा**

भाषा पाठ्यपुस्तक भित्र प्रयुक्त भाषिक संरचना र गहनताले भाषा पाठ्यपुस्तकको स्तरण उपयुक्तताको पहिचान र मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ । यसमा प्रयोग गरिने भाषागत संरचनाहरुको उपयोग विद्यार्थीहरुको स्तर, बोध क्षमता, भाषिक व्यवहार, सामाजिक पक्ष तथा पाठ्यक्रमको भाषिक सीप र समझको उद्देश्य अनुरुप राखिनु पर्दछ, भाषा पाठ्यपुस्तक भनेको भाषिक सीप र क्षमता तथा समझको अभिवृद्धि गराउने साधन भएकाले यो मूलतः तहअनुसार सरलबाट जटिलतर्फ अभिमुख भएको हुनुपर्दछ । तल्ला कक्षाहरुमा गहन भाषिक संरचना भएका पाठहरु उपयुक्त हुँदैनन् । भाषा शिक्षणका लागि सरल, सरस, सीपमूलक र अभ्यासात्मक भाषिक संरचना भएका भाषा सान्दर्भिक हुन्छ । साना देखि ठूला कक्षाहरुमा क्रमशः जटिल भाषाहरुको प्रयोग बढाउँदै जानु उपयुक्त हुन्छ । भाषा पाठ्यपुस्तकका भाषा शुद्ध, मानक, र स्तरीय पनि हुनु

पर्दछ । विचार वहन गर्ने माध्यम भाषा हो । भाषालाई यथाशक्य सरल बनाउन ध्यान दिनु जरुरी हुन्छ । तसर्थ भाषा पाठ्यपुस्तकमा भाषाको संरचना पक्षलाई पनि विशेष ध्यान पुऱ्याउनु अत्यावश्यक हुन्छ (कार्की, २०६९ पृ ५४) ।

प्रस्तुत पाठ्यपुस्तकमा प्रयोग भएको भाषा विद्यार्थीकोस्तर र क्षमता अनुरुप सरल, व्यवहारिक रुचिपूर्ण दैनिक जीवनमा प्रयोग हुने उपयोगी रहेको पाइन्छ । यस पाठ्यपुस्तकमा तीनचार वटा शब्दद्वारा संरचित वाक्य संरचनादेखि बढीमा सोह्र/सत्र वटा शब्दद्वारा संरचित वाक्य संरचना भएको भाषा प्रयोग गरिएको पाइन्छ । पहिलो पाठमा दुईदेखि चार शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, दोस्रो पाठमा तीन देखि तेह्र शब्दद्वारा संरचित वाक्यहरु रहेका छन् । तेस्रो पाठमा पाँचदेखि एघार शब्दद्वारा संरचित वाक्यहरु रहेका छन् । चौथो पाठमा चारदेखि सात शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, पाँचौ पाठमा पाँचदेखि चौध शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, छैठौं पाठमा पाँचदेखि नौ शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, सातौं पाठमा चारदेखि छ शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, आठौं पाठमा पाँचदेखि सत्र शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, नवौं पाठमा चारदेखि एघार शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, दसौं पाठमा चारदेखि सातशब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, एघारौं पाठमा दुईदेखि पन्ध्र शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, बाह्रौं पाठमा पाँचदेखि पन्ध्र शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, तेह्रौं पाठमा तीनदेखि छ शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, चौधौं पाठमा तीनदेखि एघार शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, पन्ध्रौं पाठमा चारदेखि पन्ध्र शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, सोह्रौं पाठमा दुईदेखि चार शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, सत्रौं पाठमा तीनदेखि दस शब्दद्वारा संरचित वाक्यहरु रहेका छन्, अठारौं पाठमा तीन वाक्यदेखि दस शब्दद्वारा संरचित वाक्यहरु रहेका छन् । कक्षा तीनको मेरो नेपाली किताबमा पाठ वितरण, अनुच्छेद वितरण स्तरयुक्त आकार, प्रकारमा रहेको पाइन्छ । पाठ बाह्रमा रहेको अचम्मको कुरा संवाद अत्यन्तै काल्पनिक रहेको छ भने पाठ पन्ध्रमा रहेको सगरमाथा प्रवन्ध र पाठ एघारमा रहेको नेपाली कविता विद्यार्थीको स्तरभन्दा माथि रहेको पाइन्छ भने अन्य पाठमा हेर्दा शुद्ध, स्पष्ट, मानक, आकर्षक र रोचक भाषाको प्रयोग भएको पाइन्छ ।

**घ) अभ्यास**

भाषा पाठ्यपुस्तकको अर्को महत्वपूर्ण पक्ष अभ्यास हो । भाषा पाठ्यपुस्तक भन्ने वित्तिकै त्यसमा अभ्यासको महत्वपूर्ण स्थान रहन्छ । भाषा पाठ्यपुस्तकमा मूल पाठ भन्दा अभ्यासात्मक कार्यकलापहरुको आकार र क्षेत्र बढी हुने गर्दछ । शिक्षार्थीलाई भाषिक सीपमा सक्षम बनाउन

अभ्यासको जरुरत पर्दछ । ती अभ्यासहरु विविधतापूर्ण पनि हुनु पर्दछ । विद्यार्थीको स्तर क्षमता, आवश्यकता, पाठको प्रकृति आदिको आधारमा अभ्यासलाई विविधतापूर्ण बनाउनु पर्ने हुन्छ । विविधतापूर्ण अभ्यास भएका पाठ्यपुस्तकले मात्र भाषिक सिर्जनशीलताको विकास गर्दछ । पाठका प्रकृतिअनुसार सुनाइ, बोलाइ, पढाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीपका अभ्यासहरु आवश्यकता हेरी समावेश गर्नु पर्छ । विद्यार्थीहरुको तह र स्तरलाई विचार गरी अभ्यासहरुको व्यवस्थित तर्जुमा मिलाइनु पर्दछ । मूलतः अभ्यास सरलदेखि जटिलको क्रममा स्तरण गर्दा स्तरयुक्त, उपयोगी र प्रभावकारी हुन्छ (कार्की २०६९ पृ ५५) । अतः अभ्यास विना शिक्षार्थीलाई भाषिक सीपमा सक्षम बनाउन गाह्रो हुन्छ ।

प्रस्तुत पाठ्यपुस्तकमा रहेका अभ्यासहरु विद्यार्थीको स्तर, क्षमता, आवश्यकता, पाठको प्रकृति अनुरुप विविधतापूर्ण तरिकाले राखिएको छ । पाठको प्रकृतिअनुसार सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीपको विकास हुने खालका अभ्यासहरु समावेश गरिएको छ । पाठ एकमा सुनाइसँग सम्बन्धित अभ्यास दुईवटा, बोलाइसँग सम्बन्धित अभ्यास चारवटा, पढाइसँग सम्बन्धित अभ्यास दुईवटा, लेखाइसँग सम्बन्धित अभ्यास पाँचवटा रहेका छन् । यस पाठमा लेखाइसँग सम्बन्धित अभ्यासलाई प्राथमिकता दिएको पाइन्छ,। पाठ दुईमा सुनाइसँग सम्बन्धित अभ्यास राखिएको पाइदैन । बोलाइसँग सम्बन्धित अभ्यास चारवटा, पढाइसँग सम्बन्धित अभ्यास दुईवटा, लेखाइसँग सम्बन्धित अभ्यास सातवटा रहेका छन् । यस पाठमा लेखाइसँग सम्बन्धित अभ्यासलाई प्राथमिकता दिएको पाइन्छ,। पाठ तीनमा सुनाइसँग सम्बन्धित अभ्यास एउटा, बोलाइसँग सम्बन्धित अभ्यास चारवटा, पढाइसँग सम्बन्धित अभ्यास एउटा, लेखाइसँग सम्बन्धित अभ्यास तीनवटा रहेका छन् । यस पाठमा सुनाइ र पढाइका अभ्यास समान रहेका छन् । यस पाठको अभ्यास नौमा चित्रात्मक अभ्यास दिएर बोलाइ सीपको विकास गराउन खोजिएको छ ।पाठ चारमा सुनाइसँग सम्बन्धित अभ्यास एउटा, बोलाइसँग सम्बन्धित अभ्यास दुईवटा, पढाइसँग सम्बन्धित अभ्यास दुईवटा, लेखाइसँग सम्बन्धित अभ्यास आठवटा रहेका छन् । यस पाठको लेखाइसँग सम्बन्धित अभ्यासलाई प्राथमिकता दिएको पाइन्छ,। पाठ पाँचमा सुनाइसँग सम्बन्धित अभ्यास दुईवटा, बोलाइसँग सम्बन्धित अभ्यास तीनवटा, पढाइसँग सम्बन्धित अभ्यास दुईवटा, लेखाइसँग सम्बन्धित अभ्यास सातवटा रहेका छन् । यस पाठमा लेखाइसँग सम्बन्धित अभ्यासलाई प्राथमिकता दिएको पाइन्छ,। पाठ छमा सुनाइसँग सम्बन्धित अभ्यास दुईवटा, बोलाइसँग सम्बन्धित अभ्यास दुईवटा, पढाइसँग सम्बन्धित अभ्यास चारवटा, लेखाइसँग सम्बन्धित अभ्यास चारवटा रहेका छन् । यस पाठमा पढाइ र लेखाइलाई समान महत्व दिएको पाइन्छ ।

पाठ सातमा सुनाइ र बोलाइसँग सम्बन्धित एउटा, बोलाइसँग सम्बन्धित तीनवटा, पढाइसँग सम्बन्धित तीनवटा र लेखाइसँग सम्बन्धित सातवटा अभ्यास दिइएको छ । यस पाठको अभ्यासहरुमा बोलाइ र पढाइ तीन तीन वटा अभ्यासहरु दिदै लेखाइलाई बढी प्राथमिकता दिएको छ । पाठ आठमा सुनाइसँग सम्बन्धित चारवटा, बोलाइसँग सम्बन्धित तीनवटा, पढाइसँग सम्बन्धित चारवटा र लेखाइसँग सम्बन्धित पाँचवटा अभ्यासहरु राखिएका छन् । यसमा सबै सीपहरुलाई उत्तिकै प्राथमिकताका साथ राखिएको पाइन्छ । पाठ नौमा सुनाइ र बोलाइसँग सम्बन्धित दुईवटा, बोलाइसँग सम्बन्धित दुइवटा, पढाइसँग सम्बन्धित दुईवटा, पढाइ र लेखाइसँग सम्बन्धित एउटा, सुनाइ र लेखाइसँग सम्बन्धित एउटा र लेखाइसँग सम्बन्धित चारवटा अभ्यासहरु रहेका छन् ।

पाठ दशमा सुनाइ र बोलाइसँग सम्बन्धित तीनवटा, बोलाइसँग सम्बन्धित तीनवटा, पढाइसँग सम्बन्धित तीनवटा र लेखाइसँग सम्बन्धित चारवटा अभ्यासहरु रहेका छन् । यसमा सुनाइ,बोलाइ,लेखाइ र पढाइ चारवटै सीपहरुलाई समान प्राथमिकताकै रुपमा राखिएकोछ । पाठ एघारमा सुनाइ बोलाइसँग सम्बन्धित अभ्यास एउटा, बोलाइसँग सम्बन्धित अभ्यास दुईवटा, पढाइसँग सम्बन्धित अभ्यास दुईवटा र लेखाइसँग सम्बन्धित अभ्यास तीनवटा रहेका छन् । पाठ बाह्रमा सुनाइ र पढाइसँग सम्बन्धित अभ्यास एउटा, बोलाइ र पढाइसँग सम्बन्धित अभ्यास एउटा, पढाइ र लेखाइसँग सम्बन्धित अभ्यास एउटा र बोलाइसँग सम्बन्धित अभ्यास एउटा रहेका छन् । यस पाठमा लेखाइलाई बढी जोड दिएको पाइन्छ । पाठ तेह्रमा सुनाइ र पढाइसँग सम्बन्धित अभ्यास एउटा, बोलाइसँग सम्बन्धित अभ्यास दुईवटा, लेखाइसँग सम्बन्धित अभ्यास पाँचवटा र सुनाइ, बोलाइ, लेखाइसँग सम्बन्धित अभ्यास एउटा रहेका छन् ।

पाठ चौधमा सुनाइ र बोलाइसँग सम्बन्धित अभ्यास एउटा, बोलाइसँग सम्बन्धित अभ्यास एउटा, पढाइ र लेखाइसँग सम्बन्धित अभ्यास एउटा, लेखाइसँग सम्बन्धित अभ्यास पाँचवटा रहेका छन् । यस पाठमा सुनाइ र बोलाइलाई समान महत्व दिएको छ र लेखाइलाई बढी प्राथमिकता दिएको छ । पाठ पन्ध्रमा पढाइ र सुनाइसँग सम्बन्धित पाठ एउटा, सुनाइ र लेखाइसँग सम्बन्धित पाठ एउटा, बोलाइसँग सम्बन्धित अभ्यास दुईटा, लेखाइसँग सम्बन्धित अभ्यास पाँचवटा रहेका छन् । र त्यसैगरी  सुनाइ, बोलाइ र लेखाइसँग सम्बन्धित पाठ एउटा रहेको छ । पाठ सोह्रमा बोलाइसँग सम्बन्धित अभ्यास दुईवटा, पढाइसँग सम्बन्धित अभ्यास दुइवटा, लेखाइसँग सम्बन्धित अभ्यास चारवटा, लेखाइ र बोलाइसँग सम्बन्धित अभ्यास एउटा रहेका छन् । पाठ सत्रमा पढाइ र सुनाइसँग सम्बन्धित अभ्यास एउटा, बोलाइसँग सम्बन्धित अभ्यास दुईवटा, पढाइसँग सम्बन्धित अभ्यास एउटा, लेखाइसँग सम्बन्धित अभ्यास पाँचवटा र पढाइ, लेखाइसँग सम्बन्धित अभ्यास एउटा रहेका

छने । यसमा बढी लेखाइ सीपलाई जोड दिएको पाइन्छ । पाठ अठारमा सुनाइसँग सम्बन्धित अभ्यास नभएको, बोलाइसँग सम्बन्धित अभ्यास एउटा, पढाइसँग सम्बन्धित अभ्यास एउटा, लेखाइसँग सम्बन्धितअभ्यास छ वटा र पढाइ लेखाइसँग सम्बन्धित अभ्यास एउटा रहेका छन् । यस पाठमा पनि लेखाइ सीपलाई बढी प्राथमिकता दिएको छ ।

**ङ) चित्र**

अन्य विषयका पाठ्यपुस्तकमा झैं भाषा पाठ्यपुस्तकमा पनि चित्रहरुको निकै महत्व रहेको हुन्छ । कथ्यलाई पुष्टि गर्न पाठ्यपुस्तकमा चित्रहरुको उपयोग हुनु आवश्यक छ । अमूर्त, अदृष्य र भावनात्मक विषयलाई मूर्त, दृष्य र वस्तुपरक स्वरुप दिने चित्रलाई सार्वभौम भाषाको रुपमा लिइन्छ । भनिन्छ, हजार शब्दले व्यक्त गर्न नसकेका कुरा एउटा चित्रले व्यक्त गर्दछ । प्रारम्भिक कक्षाहरुमा रङ्गीन, आकर्षक र ठूला चित्र हुनु राम्रो हुन्छ । माध्यमिक तहका भाषा पाठ्यपुस्तकमा श्यामश्वेत चित्र भए पनि हुन्छ । चित्रले सानो ठाउँमा धेरै कुरालाई अभिव्यक्त गर्न सक्छ । शब्दद्वारा व्यक्त गर्न गाह्रो हुने विषयलाई स्पष्ट्याउने सर्वोत्तम उपाय चित्रात्मक प्रस्तुति नै हो । चित्रवर्णन गराउने गरी पाठ्यपुस्तकमा चित्र समावेश गर्दा विद्यार्थीको मौखिक तथा लिखित अभिव्यक्ति क्षमतामा विकास हुन सक्छ । चित्रको अवलोकनबाट त्यसमा देखिएका कुरालाई आफ्ना अनुभव र अन्तर्निहित प्रतिभाअनुसार शाब्दिक व्याख्या गर्न क्षमता विकसित गर्ने आधार पनि प्राप्त हुन्छ । सकेसम्म बढी र विविधतायुक्त चित्रले विद्यार्थीको ध्यान आकृष्ट गर्छन् । त्यसैले यसको उपयोगमा सचेत हुनु जरुरी छ । भाषा पाठ्यपुस्तकमा यसको अनिवार्यतालाई बुझ्नु जरुरी छ (ढकाल,२०६५ पृ. १३५) ।

'कक्षा तीनको मेरो नेपाली किताब' मा प्रयोग गरिने चित्रहरुको उद्देश्य विषयगत ज्ञान र धारणाको विकास गर्नु रहेको हुन्छ । पाठ्यपुस्तकमा पानाभरी खाली विषयवस्तु मात्र दिइँदा पाठ्यपुस्तक निरस, पट्यारलाग्दो खालको हुन्छ । हजारौं शब्दले भन्न नसक्ने कुरा एउटा सानो चित्रले व्यक्त गर्न सक्ने हुँदा पाठ्यपुस्तकमा पाठहरुसँग सम्बन्ध राख्ने विभिन्न खालका चित्रहरुको समेत प्रयोग गरिनु पर्दछ । चित्रले विद्यार्थीमा रुचि बढाउने, सिर्जनात्मक क्षमता अभिवृद्धि गर्ने र पाठ्यवस्तुलाई सहज रुपमा ग्रहण गर्न सघाउने भएकाले हरेक पाठमा चित्रको प्रयोग अपरिहार्य मानिन्छ । चित्रको प्रयोगले पाठ्यपुस्तक रुचिपूर्ण, मनोरञ्जक र आकर्षक हुनुका साथै विद्यार्थीमा रहेको सिर्जनात्मक क्षमताको प्रस्फुटन गर्न सहयोग पुऱ्याउँछ । पाठमा प्रयोग गरिने चित्र पाठको मर्मअनुरुपको, स्पष्ट र उपयुक्त आकारको तथा झट्ट विद्यार्थीहरुलाई आकर्षित गर्ने खालको हुनु पर्दछ । प्राथमिक तहमा त झन चित्रको अत्यन्तै महत्व रहने गर्दछ । यस तहमा रङ्गीन र स्पष्ट चित्रको प्रयोग गरिनु पर्दछ । यसले पाठको मूल भावलाई स्पष्ट पार्नु पर्दछ ।

कक्षा तीनको मेरो नेपाली किताबमा जम्मा १८ वटा पाठहरु राखिएका छन् । १८ वटै पाठमा चित्रको प्रयोग देख्न सकिन्छ । पहिलो पाठको पृष्ठ १ मा रुखमुनी ज्ञानगुनका कुराहरु सिकाएको चित्र समावेश गरिएको छ । पाठमा असल विचार लिएर गलत पाइला नचाल्नु पर्ने र ज्ञान गुन सिकेर असल खराब छुट्याउने भनिएको हुँदा यो चित्र पाठको मर्म अनुरुप नै रहेको देख्न सकिन्छ । दोस्रो पाठमा घरपेटी बूढी र एउटा बटुवाको चित्र देखाइएको छ ।पृष्ठ ६ मा बटुवाले बुढीलाई ढुङ्गो देखाउदै गरेको चित्र देखाइएको छ । र पृष्ठ ७ मा बटुवाले चम्का बनाएरआगो बाल्दै भाडो बसालेको चित्र दिइएको छ । र पृष्ठ ८ मा बटुवाले भाँडोमा केहि चिज पकाउन व्यस्त देखिन्छ भने बुढी छेउतिर उभिएर हेरिरहेको अवस्थाको चित्र देखाइएको छ । र पृष्ठ ९ मा बटुवाले बुढीलाई खिचढीमा घिउ लगाउँदा त खिचडी झनै मिठो हुन्थ्यो भन्ने सन्दर्भमा बुढीलाई भित्र घिउ लिन पठाई उक्त ढुङ्गो भाँडोबाट झिकेर फ्याल्दै गरेको चित्र प्रस्तुत गरिएको छ । र यो पाठमा बटुवाले बुढीलाई भुक्याएर ढुङ्गो पकाउने बाहानामा खिचडी पकाएर खाएको चर्चा पाइने हुनाले यी चित्रहरु पाठको मर्म अनुरुप नै रहेको देख्न सकिन्छ ।

तेस्रो पाठको पृष्ठ १४ मा एक जना बालिकाले धारामा हात धुदै गरेको चित्र देखाइएको छ, भने बालकले फुलवारीमा पानी लगाउदै गरेको चित्र र गिलास र भाँडामा पानी भरेको अवस्थाको चित्र प्रस्तुत गरिएको छ ।पृष्ठ १५ मा घामको तापले गर्दा समुद्रको पानी वाफ भएर माथि आकाशतिर गएको छ र वादलमा परिणत भई वर्षा हुँदै गरेको चित्र देखाइएको छ । त्यसैगरी पृष्ठ १६ मा बर्षा भैरहेको अवस्थामा छाता ओढ्दै बालबालिकाहरु रमाउँदै गरेको चित्र देखाइएको छ ।त्यसैगरी चौथो पाठमा धेरै किताबहरु छरिएको र त्यसको नजिकमा बालक र बालिकाले किताब पढीरहेको चित्र प्रस्तुत गरिएको छ । बालबालिकाले किताब पढेर ज्ञानगुनका कुरा सिक्दै गरेको हुँदा पाठको भावना अनुसार चित्र व्यक्त गरिएको छ ।

पाँचौ पाठमा एउटा रुखको फेदमा गुरु बसेर आफ्ना शिष्यहरुलाई उपदेश दिइरहेको चित्र देखाइएको छ । र पृष्ठ २५ मा गुरुले शिष्यलाई केही भनिरहँदा एक जना शिष्य चाँहि टाउको निहुराएर बसिरहेको चित्र देखाइएको छ । र पृष्ठ २६ को चित्रमा गुरुको अगाडी एक चेली बाहेक अरु सबै चेलाले टाउको निहुराएको चित्र प्रस्तुत गरिएको छ । पाठमा गुरुले शिष्यलाई आफूले दिएको अर्ति उपदेश कतिको कत्तिको व्यवहारिक छ भनेर जाँच गर्दा एक शिष्य बाहेक अरु चेलाले व्यवहार परिवर्तन गर्न नसकेको चर्चा पाइने हुनाले यी चित्रहरु पाठलाई प्रष्ट पार्न सफल भएको देखिन्छ । छैठौं पाठमा हाटबजारमा विभिन्न व्यक्तिहरुले सामान खरिद र विक्रि गरेका देखाइएको छ जुन हाटबजार शीर्षकको मर्म अनुसार चित्रले प्रष्ट पारेको छ ।

सातौं पाठ पृष्ठ ३६ मा विभिन्न चित्रमा पहिलो र दोस्रो चित्रमा अन्न फलिरहेको छ भने तेस्रो चित्र मा एउटा मान्छेले खोत जोत्दै गरेको र तीन जना महिलाले धान रोप्दै गरेको चित्र देखाइएको छ जसको उद्देश्य खेतीवाल पाठसँग मेल खाने अनुसारको छ । आठौं पाठमा बुढा र बुढीको तस्वीर छ जसमा बुढाले डोरी बाट्दै गरेको देखिन्छ भने बुढी चाहिँ आगोमा पाक्दै गरेको चिजलाई हेरिरहेको देखिन्छ । पृष्ठ ४२ मा बुढाले दाउरा बोकेको र अर्को मान्छेले छुवालीको टोपी बोकेर कुराकानी गर्दै गरेको चित्र देखाइएको छ । पृष्ठ ४३ मा बुढोले छुवालीको टोपी बोकेर उभिरहेको ठाउँमा ७ वटा मूर्तिहरु लहरै राखिएका र मूर्तिहरुमा हिउँका कणहरु परिरहको छ र ती मूर्तिहरुले नमस्कार गरिरहेको देखाइएको छ । पृष्ठ ४४ मा उक्त मूर्तिहरुको टाउकोमा छुवालीका टोपी लागेको अवस्था छ र उनीहरुले लत्ता कपडा, फलफुल बोक्दै पैदल यात्रा गर्दै गरेको चित्र देखाइएको छ । पृष्ठ ४५ मा बूढाबुढीले ति मुर्तिहरु फर्किएर जाँदै गरेको हेरिरहेको देखाइएको छ ।

नवौं पाठ खेर नफालौं शीर्षकमा विभिन्न खानेकुराहरुको चित्र देखाइएको छ । पृष्ठ ५१ मा रुपैयाको नोट देखाइएको छ । जसको सदुपयोग गर्ने भन्ने कुराको अवगत गराउँछ । त्यसै गरी सोही पृष्ठमा  सूर्य, विजुलीको बलेको बल्ब, ग्यालिन जसमा पेट्रोल, मट्टितेल आदि राखिएको छ । पाठमा दाउरा पनि बालेको देखाइएको छ र पृष्ठ ५२ मा समयको बारेमा सिकाउनको लागि घडीको चित्र देखाइएको छ । यो पाठमा खाद्यपदार्थ, पैसा, शक्ति र समयको खेर नफालौं भन्ने मर्म अनुरुप प्रस्तुत गरिएको छ । दशौ पाठमा गौतम बुद्धको चित्र, नेपालको झण्डा, नेपालीभूमी र परिश्रमी दुई महिला र पुरुषको चित्र देखाइएको छ । जुन नेपाली कविताको मर्म अनुरुप रहेको छ ।

पाठ एघार पृष्ठ ५९ मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको चित्र राखिएको छ जसमा देवकोटाको जीवनी प्रस्तुत गरिएको छ । यो चित्रले महाकवि देवकोटा शीर्षक जीवनी सान्दर्भिक बनाएको छ । पाठ बाह्र पृष्ठ ६३ मा मान्छेको भिडभाड देखाइएको छ । जसमा मान्छ जत्रा कमिला पनि देखाइएको छ । र मान्छेले पनि ति ठूला कमिलालाई हेरिरहेको अवस्था छ । त्यसै गरी पृष्ठ ६४ मा निकै ठूलो मानिसको भिडले  ती ठूला ठूला कमिलालाई हेरिरहेको देखाइरहेको छ ।

पाठ तेह्र पृष्ठ ७० मा सूर्य, पाखा पखेरीमा फूलका विरुवा तथा पानीका भरनाहरुको चित्र देखाइएको छ । र यो कविता घामछायामा भएको चित्र मर्म अनुसारको छ । पाठ चौध पृष्ठ ७४ मा रुखमा बाँदरले अंगुर खाँदै गरेको र केही अंगुर बाँदरले गोहीको मुखमा झारिदिदै गरेको र गोहीले सो अंगुर खादै गरेको चित्र देखाइएको छ । पृष्ठ ७५ मा बाँदर गोहीको ढाडमा बसेर गोहीसँग नदीमा यात्रा गर्दै गरेको चित्र देखाइएको छ । पृष्ठ ७६ मा बाँदरले रुखमा गएर गोहीलाई केही भने जस्तो र गोही पानी भित्रैबाट बाँदर तिर हेरिरहेको चित्र देखाइएको छ । यस पाठ अनुसार

चित्र मर्म अनुसार रहेको छ । पाठ पन्ध्र पृष्ठ ८१ मा हिमालको चित्र दिइएको छ । जुनचाहिँ सगरमाथाको चित्र हो । यस पाठले विश्वको सबैभन्दा अग्लो हिमाल सगरमाथा हो भन्ने कुरालाई बुझाउन खोजिएको छ । पाठ सोह्र पृष्ठ ८७ मा पहाडको फेदीमा एउटा घर छ । साना साना खेतका गराहरु रहेका छन् । उक्त खेतका गरामा कोदाली भूईमा राखेर दुईजना मान्छेले सानी बालिकाले गरेको ढोगलाईफर्काइरहेका छन् । यस पाठको मर्म काम गर्ने जो सुकै मानिसलाई पनि आदर सम्मान गर्नुपर्छ भन्ने शिक्षा दिएको पाइन्छ ।

पाठ सत्रपृष्ठ ९० मा भिरालो जग्गामा घरको वरिपरि रुखहरु लगाइएको चित्र छ । घरको छेऊको साना साना गरामा एउटा मान्छेले कोदालीले खेत खनिरहेको चित्र छ । त्यसैगरी पृष्ठ ९१ मा सबै वन फडानी गरेकोले भीरमा पहिरो गई घर नै धरापमा परेको चित्र देखाइएको छ । यसै पाठको पृष्ठ ९२ मा पहिरो गएको पाखामा पुनः वृक्षारोपण गरेको चित्र देखाइएकोछ । यस पाठको मर्म रुखविरुवा नष्ट गरेमा वातावरणमा ह्रास हुन्छ भन्ने कुराको वारेमा प्रष्ट पार्न खोजेको छ । पाठ अठारको पृष्ठ ९६ मा घरको छेउको पाखामा एउटा मानिसले खेत जोतिरहेको चित्र देखाइएको छ । त्यसैगरी पृष्ठ ९८ मा एकजना महिलाले एकजना पुरुषलाई पैसा दिदैँ गरेको चित्र देखाइएको चित्र दिएको छ । साथै पृष्ठ ९९ एकजना पुरुषले महिलालाई केहि भन्दै गरेको चित्र छ र महिलाले चिन्तित मुद्रामा कुरा गर्दै गरेको चित्र छ । यो पाठ छट्टु बटुवा शीर्षकमा बटुवाको छट्टुपन देखाउन खोजिएको छ । यसरी पाठमा प्रयोग भएका सबै चित्रहरुको सङ्ख्यालाई परिशिष्ट 'घ' मा देखाइएको छ ।

### ४.२.२ प्रस्तुतिगत उपयुक्तता

कुनै पनि भाषा पाठ्यपुस्तकलाई गुणस्तरीय बनाउन त्यसका पाठ्यवस्तुको प्रस्तुतिले महत्वपूर्ण भूमिका खेल्दछ । पाठ्यवस्तुको प्रस्तुतिका निमित्त विषय वस्तु वा विधाको छनोट र त्यसको स्तरण वा संगठन व्यवस्था के-कति उपयुक्त र प्रभावकारी छ भनेर कुनै पनि भाषा पाठ्यपुस्तकको आन्तरिक विशेषताहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ । पाठ्यवस्तुको प्रस्तुतिलाई स्तरीय बनाउन पाठ्यवस्तुको छनोट र स्तरणलाई ध्यान दिनुपर्दछ । ( कार्की २०६९ पृ.५६) ।

**क) छनोट**

छनोट भनेको छान्ने वा चयन गर्ने काम हो । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पुरा गर्न पाठ्यवस्तुको छनोट गरिन्छ । यसको छनोट गर्दा मात्रात्मक तथा गुणात्मक दुबै दृष्टिले विचार

पुऱ्याउनुपर्दछ । ज्ञानका अथाह स्रोतबाट विद्यार्थीहरुको तह, स्तर क्षमता, रुचि र आवश्यकता अनुकूलका पाठ्यवस्तु चयन गरी पाठ्यपुस्तकमा समावेश गर्नुपर्दछ । यस्ता पाठ्यवस्तु विद्यार्थीको सिकय स्तर, भाषिक पृष्ठभूमि शिक्षण सिकाइ कार्य सञ्चालन हुने दिन समेतलाई ख्याल गरी एक शैक्षिक सत्रमा अध्ययन अध्यापन गर्न सकिने मात्रामा छनोट गरिनुपर्दछ । सामान्यतया पाठ्यवस्तु तल्ला कक्षामा सरल, सरस, सुबोध हुनुका साथै सङ्क्षिप्त पनि हुनु सान्दर्भिक मानिन्छ । माथिल्ला कक्षामा तहअनुसार पाठ्यवस्तु छनोटमा स्तरीकरण गर्दै सबै सीप तथा भाषा तत्वको विकास हुने गरी विभिन्न विधा तथा भाषाशैलीलाई समेट्दै जानु राम्रो हुन्छ । यसरी हेर्दा पाठ्यवस्तुबाट छनोटले विषयवस्तुको सीमाङ्कन गरी थोरै पाठ्यवस्तुबाट अधिकतम ज्ञान, सीप र क्षमता हासिल हुने विषय वस्तुको सीमाङ्कन गरी थोरै समाज, संस्कृति, बौद्धिक पक्ष एवम् संवेगात्मक पक्षमा समेत ख्याल गरी पाठ्यवस्तुको छनोट गरिनु पर्दछ (कार्की, २०६९ पृ ५६) ।

प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरुलाई ख्याल गरेर पाठ्यपुस्तकको छनोट गरिएको छ । विद्यार्थीको तह, स्तर, क्षमता, रुचि, उमेर र आवश्यकताअनुकूल पाठ्यवस्तु छनोट गरेर पाठ्यपुस्तकमा समावेश गरिएको छ । विद्यार्थीको सिकाइ स्तर भाषिक पृष्ठमूमि विद्यालय सञ्चालन हुने दिन समेतलाई ख्याल गरेर एक शैक्षिक सत्रमा अध्ययन अध्यापन गराउन सकिने पाठ्यवस्तुको छनोट गरिएको छ । यस पाठ्यपुस्तकमा ६ वटा बाल कविता, ५ वटा कथा, ४ वटा प्रबन्ध, एक वटा जीवनी र २ वटा संबाद गरी जम्मा १८ वटा पाठहरु पाठ्यवस्तुको रुपमा छनोट गरिएको छ । छनोट गरिएका पाठ्यवस्तुहरु विद्यार्थीको रुचि, स्तर अनुकुल रहेका छन् । तल्ला कक्षाका विद्यार्थीहरुको लागि उपयुक्त हुने सरल, सरस र सङ्क्षिप्त खालका पाठ्यवस्तुको छनोट गरिएको छ ।

**ख) स्तरण**

भाषा पाठ्यपुस्तकलाई गुणस्तरीय बनाउन छनोटपछि स्तरणको विशिष्ट भूमिका रहन्छ । स्तरणले छानिएका पाठ्यवस्तुको अनुक्रम मिलाउने कार्यलाई बुझाउँछ । छनोटले कुन तहमा कति पाठ्यसमग्री समाविष्ट गर्ने भनी सीमाङ्कन गर्दछ भने स्तरणले छानिएका पाठ्यवस्तुलाई विद्यार्थीको मनोविज्ञान र शिक्षणको सिद्धान्त अनुसार क्रमबद्ध गरी शिक्षण सिकाइ कार्यलाई सरल, सरस र प्रभावकारी बनाउन मद्दत गर्दछ । भाषिक सीप शिक्षणका निमित्त गरिने भाषा पाठ्यपुस्तकका लागि छनोट गरिएका पाठ्यवस्तुलाई चक्रीय आधारमा स्तरण गर्नु राम्रो मानिन्छ । यसो गर्नाले भाषाका विविध प्रसङ्ग तथा परिस्थितिअनुकूल अभ्यास तथा पुनरावृत्ति हुनाका साथै विद्यार्थीका निम्ति पठन वा सिकाइमा अभिरुचि उत्पन्न गराउँछ । भाषिक सम्प्रेषणजन्य क्रियाकलापमा उपयोगी हुने गरी

पाठ्यवस्तु स्तरण गरिनु पर्दछ । पाठ्यवस्तुको स्तरण ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्त, सरलबाट जटिल जस्ता सिकाइका सिद्धान्तअनुसार गर्नु पर्दछ (कार्की, २०६९ पृ. ५७) ।

कक्षा ३ को नेपाली पाठ्यपुस्तक वस्तुत : बालबालिकाको रुचि, स्तर, उमेर वा मनोविज्ञानलाई ख्याल गरि लेखिएको छ । नेपाली पुस्तक लेखनमा बाल मानसिकता बाल बोद्धिकता तथा बाल विकासमा ध्यान दिइएको छ । बालबालिकाको कलिलो उमेर तथा मस्तिष्कमा साहित्य, ज्ञान, विज्ञान तथा प्रविधि सम्बन्धि क्षमता विस्ता गर्दै राष्ट्र, राष्ट्रियता तथा मानवताका विषय एवं भावनालाई विशिष्ट ढङ्गले जागृत गराउने हेतु नेपाली पाठ्यपुस्तकले लिएको छ । विषय, भाषा, शैली तथा प्रस्तुतिमा बालसुलभता रहेको छ । बालबालिकालाई मनोरञ्जन साथै ज्ञान, बोध, प्रयोग, सिर्जना, रचना जस्ता क्षमताको विकास गरी समाजमा प्रभावकारी ढङ्गले समायोजन गर्न मदत गर्नु यसको विशिष्टता हो ।

पाठ्यपुस्तको स्तरण गर्दा पाठ-१ मा ‘असल विचार शीर्षक को कविता राखिएको छ । कविताले बालबालिकामा सत्य र इमानदार बन्न प्रोत्साहित गर्दै हरेक काम गर्नु अघि सोच विचार गर्नुपर्ने, ज्ञान गुण सिकौ असल र खराव छुट्याउनुपर्ने र सधै ज्ञानको वासना छर्नुपर्ने सन्देश दिएको छ । पाठ २ मा ढुङ्गाको खिचडी शीर्षकको कथा राखिएको छ । कथामा थोरै पात्र (बुढी र बटुवा) लाई चयन गरेर बालबालिकाको उमेर, रुची एवं बौद्धिकतालाई मध्यनजर गरेर सरल भाषामा आकर्षक शैलीगत प्रस्तुतीका दृष्टिकोणले पठनीय र मनोरञजनीय छ । पाठ ३ मा ‘म को हु’ ? प्रबन्ध रहेको छ । यसमा पानीका विभिन्न अवस्था अनुसार चिसो, तातो, नुनिलो आदि विभिन्न रुपमा परिवर्तन हुने जमेर बरफ बन्दा चिसो हुने समुन्द्रमा पुगेर तातो र नुनिलो हुने कुरा समेत ज्ञान दिएकोव छ । पाठ ४ मा ‘किताव’ शीर्षकको कविता राखिएको छ । यसमा किताव नै ज्ञानको भण्डार हो कथा, कहानी, इतिहास, विज्ञान सवै कितावमा लेखिएको हुन्छ र किताबले नै अज्ञानलाई नास पार्छ भन्ने सन्देश दिएको छ । पाठ ५ मा ‘अनेकौ परीक्षा’ शीर्षकको कथा राखिएको छ । यस कथामा सधै असल काम मात्र गर्नुपर्दछ । कसैले देख्दैन भनेर खराव काम गऱ्यो भने सवैलाई छल्न सके पनि आफुलाई छल्न सकिदैन भन्ने यथार्थलाई सरल र सहज ढङ्गले गुरु र शिष्टा लाई पात्र बनाई कथामा देखाइएको छ । विद्यार्थीलाइ प्रष्ट पार्न गुरु र शिष्यको रंगिन चित्रहरु संकेत समेत प्रस्तुत गरिएको छ । पाठ ६ मा ‘हाटबजार’ शीर्षकको संवाद राखिएको छ । शिल्पा र रामजनमलाई पात्रको रुपमा खडा गरेर साथी-साथी वीच कुराकानी गर्न र सात बारको नाम अनुसार हाटको नाम रहने जस्तै : सोमवारे, बुधवारे, बिहिबार आदि भनि सात बारहरुको समेत ज्ञान गराएको छ । पाठ ७ मा ‘खेतीवाल’ शीर्षकको कविता राखिएको छ । यसमा कृषकको लागि हलो, जुवा, गोरु र खेतवारी

भए उद्योग त्यहि हुने, गहुँ, जौ, धान, मकै फलाएर जहानलाई अन्न पुऱ्याएर खुशी र सुखी हुने र अरु कुनै सम्पत्तिको लोभ कृषकलाई नहुने कुरा पाठमा प्रष्ट पारिएको छ ।
पाठ ८ मा 'नयाँ वर्षको उपहार' शीर्षकको कथा राखिएको छ । यसमा उपहार किन्न पैसा नभएपनि आफुसँग भएको सामान साटासाट गरेर भए पनि पत्रहरुले नयाँ वर्ष मनाएको रोचक प्रसङ्ग, साथै माया, प्रेम, दया, सत्कार र श्रद्धा साटासाट गर्ने उच्च विचार समेत प्रस्तुत गरिएको छ । शुभकामना पत्र लेख्नु र पढ्ने अभ्यास गर्न सिकाइएको छ । पाठ ९ मा 'खेर नफालौं' प्रवन्ध राखिएको छ । यस पाठमा हामीले खानेकुरा, पैसा, शक्ति र समयलाई खेर फाल्नु हुँदैन भन्ने कुरा सिकाएको छ । पाठ १० मा 'नेपाली' शीर्षकको कविता प्रस्तुत गरिएको छ । यस कविताले नेपालीहरुको पहिचान स्वाभीमानी, शान्तिप्रेमी र पुरुषार्थी रहेको बताइएको छ । पाठ ११ मा 'महाकवी देवकोटा' शीर्षकको जीवनी राखिएको छ । यसमा लक्ष्मी प्रसाद देवकोटाको परिचय र उनले लेखको मुनामदन खण्डकाव्य को एक श्लोक समेत प्रस्तुत गरिएको छ । जसले गर्दा बालबालिकालाई आदर्श चरित्र निर्माण गर्न समेत सहयोग गर्ने अपेक्षा गरिएको छ । पाठ १२ मा 'अचम्मको कुरा' शीर्षकको संवाद राखिएको छ । अरुण र सरला विकास गरिएको छ । पाठ १३ मा 'घामछाया' शीर्षकका कविता राखिएको छ । यसमा घामछाया, खोला, चउर, आकाश, मेघ, धर्ती आदी प्रकृतिको सुन्दर चित्रण गरिएको छ । पाठ १४ मा 'बाँदर र गोट्टी' शीर्षकको कथा छ । यस कथाले सबैसँग मित्रता गरेर बस्नुपर्छ । स्वार्थी बन्नु हुँदैन । यदि आफ्ना व्यक्तिगत स्वार्थ मात्र हेर्ने हो भने जो कोही एक दिन एक्लो बन्नुपर्छ भन्ने सन्देश यस कथाले दिएको छ । पाठ १५ मा 'सगरमाथा' शीर्षकको प्रवन्ध दिइएको छ । यसमा सर्वोच्च शिखर सगरमाथाको अवस्थिति, उचाइ दिएको छ भने सगरमाथा राष्ट्रिय निकुञ्जको बारेवमा पनि बताइएको छ । पाठ १६ मा 'सानु छ है सानु' शीर्षकको कविता राखिएको छ । आफ्नो सानो घरमा साँझ बसेर, आफ्नै पाखुरी चलाइ मानोपाथी उब्जाएर खाँदा जस्तो सन्तुष्टि अन्त कतै जाँदा नहुने कुरालाई कविताको माध्यमबाट प्रष्ट पारिएको छ ।पाठ १७ मा 'वीरमानका दिन फर्किए' शीर्षकको प्रवन्ध राखिएको छ । यसमा प्रकृतिको विनाश हैन संरक्षण गरौँ भन्ने सन्देश दिन खोजएको छ । पाठ १८ मा 'छट्टु बटुवा' शीर्षकको कथा राखिएको छ । थोरै पात्र राखेर बालबालिकालाई मनोरञ्जन दिने उद्देश्य राखेर सरल भाषा शैलीमा धनलाई बुद्धिले किन्न सकिने सन्देश व्यक्त गरिएको छ ।

प्रस्तुत पाठ्यपुस्तक विद्यार्थीको मनोविज्ञान र शिक्षणको सिद्धान्त अनुसार क्रमबद्ध गरी शिक्षण कार्यलाई सरल, सरस र प्रभावकारी बनाउने प्रयास गरिएको छ । पाठ्यवस्तुको स्तरण ज्ञातबाट अज्ञात, सरलबाट जटिल तर्फ लगिएको छ । पाठ्यवस्तुको स्तरण गर्दा कविता, कथा,

प्रबन्ध, कविता, कथा, संबाद, कविता, कथा, प्रबन्ध, कविता, जीवनी, संवाद, कविता, कथा, प्रबन्ध, कविता, प्रबन्ध, कथा विधालाई क्रमबद्ध रुपले संयोजन गरिएको छ । यस पाठ्यपुस्तकका लागि छनोट गरिएका पाठ्यवस्तुलाई चक्रीय आधारमा स्तरण गरिएको छ । स्तरणका आधारमा पाठ्यपस्तक उपयुक्त रहेको पाइन्छ ।

**४.२.३ बाह्य पक्षको आधारमा 'कक्षा तीनको नेपाली किताब' को अध्ययन**

पाठ्यपुस्तकको विश्लेषण आन्तरिक पक्षको आधारमा मात्र नभएर बाह्य पक्षको आधारमा पनि गर्नु आवश्यक हुन्छ । पाठ्यपुस्तक आन्तरिक रुपमा जति सबल हुनुपर्दछ त्यति नै यसको बाह्य रुप पनि सबल हुनु जरुरी हुन्छ । कक्षा तीन प्रारम्भिक तह भएकाले यसमा साना उमेरका बालबालिका अध्यान गर्दछन् । उनीहरुलाई पठनपाठनप्रति आकर्षित गर्न पाठ्यपुस्तकको बाह्य पक्ष आकार्षक र स्तरीय हुनु पर्दछ । यस सन्दर्भमा 'कक्षा तीनका मेरो नेपाली किताब' लाई बाह्य पक्ष अन्तर्गत बनोट, अक्षर आकार, ठाउँ छोडाइ/अन्तराल, छपाइ र बँधाइ, कागतको गुणस्तर, मुल्य र सुलभताको सापेक्षतामा यहाँ अध्ययन गरिएको छ ।

**४.२.३.१ बनोट**

पाठ्यपुस्तकको आवरण र आकार प्रकारलाई बनोट भनिन्छ । शिक्षार्थी सबैले पाठ्यपुस्तक उत्तिकै जतन गर्छन् भन्ने हुँदैन । कम्तीमा एक शैक्षिक सत्रसम्म टिकाउ होस् भन्ने दृष्टिले बाक्लो र बलियो कागतको आवरण पृष्ठ हुनु जरुरी हुन्छ । सकेसम्म आवरण पृष्ठ पानी कागतले ढाकिएको आकर्षक र रङ्गीन हुनुपर्छ । विद्यालय-घर, घर-विद्यालय गर्दा हातमा वा झोलामा बोक्दा र बारम्बार घर र कक्षामा पढ्दा-लेख्दा पनि टिक्न सक्ने आवरण पृष्ठ हुनु राम्रो हुन्छ । सबै विषयका पाठ्यपुस्तकमध्ये पहिले भाषाकै पुस्तक पाठकले छनोट गर्न सक्ने किसिमको आकर्षक चित्र वा चित्रावलीद्वारा सजाइएको हुनु पनि जरुरी छ । भाषा पाठ्यपुस्तक अन्य पाठ्यपुस्तकभन्दा कक्षा र घरमा बढी प्रयोग हुने सामग्री भएको हुँदा उपयुक्त आकारको हुनु जरुरी छ । सबै पुस्तकहरु एउटै आकारका भए भने विद्यालय लैजान र घर ल्याउन सहज हुन्छ (ढकाल, २०६५ पृ.१२९) ।

बनोटका आधारमा कक्षा तीनको मेरो नेपाली पाठ्यपुस्तक उपयुक्त देखिदैन । पाठ्यपुस्तकको आवरण पृष्ठ पातलो र कमसल खालको राखिएको छ । बाह्य आवरणमा कुनै पनि चित्रको प्रयोग गरिएको छैन । आवरणपृष्ठमा झट्टै च्यातिने, खुम्चिने खालको कागजको प्रयोग गरिएको छ । आवरण पृष्ठ पानी पत्रले नमोरिएकाले चाँडै मैलिने र फोहोर हुने र भिने कुराबाट पनि जोगाउन नसकिने खालको रहेको छ । प्रस्तुत पाठ्यपुस्तक आकारका दृष्टिले हेर्दा लम्बाई २४

से.मी., चौडाई १७.५ से.मी. र मोटाई ०.८ से.मी. रहेको छ । यो पाठ्यपुस्तकमा १०४ पृष्ठ रहेका छन् ।

**४.२.३.२ अक्षर आकार, ठाउँ छोडाइ/अन्तराल**

भाषा पाठ्यपुस्तकको प्रमुख आकर्षण र विषयवस्तुलाई सम्प्रषणीय बनाउने तत्व नै अक्षरको आकार र ठाउँ छोडाइ हो । अक्षरको आकार र ठाउँ छोडाइ विद्यार्थीको तह र स्तरअनुसार फरक-फरक हुनुपर्दछ । अक्षर चिनाउने स्तरका पाठ्यपुस्तकमा १२० प्वाइन्छका ठूला अक्षर हुनु राम्रो मानिन्छ भने कक्षा १ सम्म ६० प्वाइन्टका अक्षर उपयुक्त हुने हुन्छ । त्यस्तै कक्षा २ र ३ सम्मका पाठ्यपुस्तकमा ३६-२४ प्वाइन्टका अक्षरहरु उपयुक्त हुने देखिन्छ । त्यसैगरी कक्षा ४ देखि ७ सम्मका लागि २० देखि १६ प्वाइन्टका अक्षरहरु सान्दर्भिक हुने गर्दछ । अक्षरका आकारका अतिरिक्त अक्षर अक्षरबीचकको अन्तराल, शब्द शब्दबीचको अन्तराल र पङ्क्ति-पङ्क्तिबीचको अन्तराल वा ठाउँ छोडाइमा विशेष ध्यान दिइनु आवश्यक हुन्छ । पाठ्यपुस्तकको सिरान र पुछार अनि दाँया र बायाँ दुबैतिर प्रशस्त ठाउँ छोड्नु पर्दछ । (कार्की, २०६९ पृ.५८) ।

अक्षर आकार र ठाउँ छोडाइ/अन्तरालका दृष्टिले हेर्दा यस पाठ्यपुस्तकमा पाठ शीर्षकमा प्रयोग गरिएका अक्षर २४ प्वाइन्टका अक्षर प्रयोग भएका अक्षरहरु २० प्वाइन्टका छन् भने कुनै पाठमा १८ प्वाइन्टका अक्षर प्रयोग गरिएको पाइन्छ । अभ्यासको निर्देशनका रुपमा रहेका अक्षरहरु १८ प्वाइन्टका रहेका छन् र शिक्षण निर्देशनमा १४ प्वाइन्टका अक्षरहरुको प्रयोग गरिएको पाइन्छ । कक्षा एक देखि कक्षा तीन सम्मका पाठ्यपुस्तकमा २४ देखि ३६ प्वाइन्ट सम्मका अक्षर हुनु पर्ने नियमलाई यस पाठ्यपुस्तकले पालना गरेको पाइँदैन । पङ्ति पङ्तिबीचको अन्तराल १.५ रहेको पाइन्छ र शब्द शब्दबीचको अन्तराल पनि उपयुक्त नै देखिन्छ । पाठ्यपुस्तकमा सिरान, पुछार र दाँयातिर १.५ से.मी. खाली ठाउँ छोडिएको छ भने बाँयातिर २ से.मि. छोडिएको छ । अक्षरको आकार ठाउँ छोडाइ/अन्तरालका आधारमा यो पाठ्यपुस्तक उपयुक्त रहेको पाइन्छ ।

**४.२.३.४ छपाइ र बँधाइ**

पाठ्यपुस्तकको निर्माणमा छपाइको पनि विशेष महत्व रहेको देखिन्छ । छपाइका निम्ति प्रयोग हुने मसी नउड्ने र नफुल्ने खालको हुन आवश्यक छ । प्राथमिक तहका पाठ्यपुस्तकमा आवश्यकता हेरी आकर्षक र प्रभावकारी बनाउन कालो, रातो, निलो, हरियो, पहेँलो आदि रङ्गको मसी पनि प्रयोग गर्न सकिने स्थिति रहन्छ तर अधिक मात्रामा कालै रङ्गको मसी प्रयोग गर्नु पर्ने हुन्छ । एउटै रङको मसी पनि गाढा र सामान्य चहक दिएर छाप्नु उपयुक्त हुन्छ । भाषा पाठ्यपुस्तकको बँधाइ प्रविधि मजबुत र वैज्ञानिक हुनु आवश्यक छ । छिट्टै पाना उप्किने र

खलबलिएर असरल्ल हुने गरी कमजोर बँधाइ गरिनु हुँदैन । कागतलाई बलियो धागोले सिएर बलियो स्टेप्लरले क्लिप गरेर गमले अथवा फेबिकलले बलियो गरी टाँसेर मजबुत बँधाइ गरेमा पाठ्यपुस्तक प्रभावकारी हुन्छ । यसरी बँधाइ गर्दा सबै पाना राम्रोसँग पल्टाउन मिलोस् नछोपियोस्  अनि जुन ठाउँमा पाना पल्टाएर राखिन्छ त्यसै ठाउँमा अडि रहन सकोस् भन्ने कुरामा बँधाइ प्रविधि आधारित हुनु पर्दछ । (पौडेल, २०६७ पृ.१४७) ।

प्रस्तुत पाठ्यपुस्तकको छपाइमा रातो र कालो मसीको प्रयोग गरिएको छ । रातो मसीको प्रयोग पाठहरुको शीर्षकलेखनमा, अभ्यासहरुको निर्देशनमा र केही चित्रहरुमा गरिएको छ भने अन्य सबै ठाउँमा कालो मसीको प्रयोग गरिएको पाइन्छ । छपाइ सामान्यतः सफा र त्रुटिरहित रहेको पाइन्छ तर कतिपय पृष्ठमा भएका चित्र र अक्षरहरु अर्को पानामा छापिएका छन् । पाठ्यपुस्तकमा बँधाइमा धागोको प्रयोग गरिएको छैन । यो पाठ्यपुस्तकमा दुईठाउँमा स्टेप्लरले क्लिप गरेर माथि कम मात्रामा गम लगाइ आवरण पृष्ठले छोपेको देख्न सकिन्छ । पुस्तकको बँधाइ ठूला कक्षाको लागि उपयुक्त भए पनि कक्षा तीनको लागि भने कमजोर देखिन्छ । कक्षा तीनका विद्यार्थीले पुस्तक पढ्ने र पुस्तकसँग खेल्ने पनि गर्दछन् । यस सन्दर्भमा यो पाठ्यपुस्तकको बँधाइ गर्ने सन्दर्भमा स्टेपलर र गमको प्रयोग गर्नुको साथै बलियो धागोको समेत प्रयोग गर्नु नितान्त जरुरी देखिन्छ ।

### ४.२.३.५ कागजको गुणस्तर

पाठ्यपुस्तकमा प्रयोग गरिने कागज जति मसिनो, चिप्लो, राम्रो, सेतो र बाक्लो खालको  कागज भयो त्यति पाठ्यपुस्तकको स्वरुप पनि आकर्षण र प्रभावकारी हुन्छ । राम्रो र बाक्लो कागजमा छपाइको स्तर पनि राम्रो हुन्छ । कागज यदि खस्रो छ, पातलो छ र कमसल खालको छ भने त्यो अनाकर्षक र अप्रभावकारी मात्रै होइन भट्टै च्यातिने, भाचिने र दोब्रिने भइ अतिशीघ्र काम नलाग्ने अवस्थामा पुग्छ । देख्दैमा मैलो, पुरानो र सडि सकेको अवस्थामा देखिने कागजको प्रयोगले पाठ्यपुस्तकको स्तरतालाई घटिया बनाउने मात्र होइन विद्यार्थीको मनलाई पठनपाठनमा आकर्षण बनाउन नसक्ने स्थिति पनि हुन्छ (पौडेल,२०६७ पृ. १४८) ।

'कक्षा तीनको मेरो नेपाली किताब' मा प्रयोग भएको कागज सेतो रङ प्रयोग भएको देखिन्छ तर सफा चिप्लो कागजको प्रयोग गरिएको छैन । यसमा प्रयोग गरिएको कागज खस्रो खालको र धमिलो रङको रहेको छ । पाठ्यपुस्तकमा अपेक्षित रुपमा बाक्लो कागजको प्रयोग भने पाइदैन जसले गर्दा एकापट्टिको अक्षर र चित्र अर्कापट्टि देखिन्छ । यसरी विचार गर्दा प्रस्तुत पाठ्यपुस्तकमा प्रयोग गरिएको कागजको स्तर त्यति राम्रो देखिदैन यसमा अलि बाक्लो चिप्लो सेतो कागतको प्रयोग गर्नु वाञ्छनीय ठहरिन्छ ।

### ४.२.३.६ मूल्य र सुलभता

पाठ्यपुस्तकलाई उपयोगी  र प्रभावकारी बनाउने अर्को महत्वपूर्ण तत्व पाठ्यपुस्तकको मूल्य पनि हो । पाठ्यपुस्तक नाफा कमाउने उद्देश्यले उत्पादन गरिनु हुदैन । धेरै मुनाफा आर्जन गर्ने दृष्टिले मूल्य निर्धारण गर्दा उपभोक्ता अधिकार हनन हुन गई पाठ्यपुस्तकको विक्री वितरण प्रभावकारी बन्दैन । कम आय आर्जन भएका व्यक्तिहरुले पनि सजिलै किन्न सक्ने गरी भाषा पाठ्यपुस्तकको मूल्य निर्धारण गरिनु पर्दछ ।

पाठ्यपुस्तकको प्रभावकारिता त्यसको सुलभतामा भर पर्दछ । सुलभतामा भर पर्दछ । सुलभताको अर्थ सहज तरिकाले उपलब्ध हुनु हो । कुनै पनि देशको भौगोलिक अवस्थाले पाठ्यपुस्तकको उपयोगिता बढाउन वा घटाउन विशेष भूमिका खेल्दछ । भौगोलिक दृष्टिले सुगम ठाउँमा पाठ्यपुस्तक सजिलै उपलब्ध हुन सक्छ भने दुर्गम ठाउँमा पाठ्यपुस्तक सुलभ रुपमा उपलब्ध हुन सक्दैन । अत : पाठ्यपुस्तक जति स्तरीय भए पनि पाठ्यपुस्तक सुलभ नहुँदा यसको उपादेयता घट्न गई कमजोर सावित हुन पुग्दछ । यसर्थ कुनै पनि पाठ्यपुस्तक शैक्षिक सत्र आरम्भ हुनु पूर्व नै सर्वत्र सुलभ हुनु आवश्यक हुन्द्ध (कार्की, २०६९ पृ.५९) ।

‘कक्षा तीनको मेरो नेपाली किताब’ को मूल्य लेखेको पाइदैन । सरकारी तवरबाट सम्पूर्ण विद्यालय तहका पाठ्यपुस्तक निःशुल्क गरिएको हुनाले सहज र प्रभावकारी भएको पाइन्छ । प्रस्तुत पाठ्यपुस्तक लगायत अन्य पाठ्यपुस्तकहरु सुगम तरिकाले सहरी क्षेत्रमा जति सजिलै भनेको बेलामा पाठ्यपुस्तकहरु उपलब्ध हुन सक्छन् त्यति दुर्गम ग्रामिण क्षेत्रमा विरलै प्राप्त हुने गर्दछन् । शैक्षिक सत्र शुरु भैसकेको धेरै समयपछि मात्र अझ कहिले त शैक्षिक सत्र समाप्तिको अन्त्यतिर मात्र पाठ्यपुस्तक उपलब्ध हुने स्थिति पनि बेहोर्नु परेका कैयौ घटनाहरु देख्न सुन्न सकिन्छ । त्यसैले सम्बन्धित पक्षले नेपालका दुर्गम क्षेत्रमा पनि सर्वसुलभ रुपमा पाठ्यपुस्तक उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

### ४.४ निष्कर्ष

कक्षा तीनको मेरो नेपाली पाठ्यपुस्तकको बाहिरी आवरण पृष्ठ अत्यन्तै कमजोर रहेको पाइन्छ । प्रत्येक पाठमा चित्रको प्रयोग गरिएको छ, प्रत्येक पाठमा सुनाइ,बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित अध्यासहरु राखिएको छ, पाठमा दिइएका अध्यासहरुको निर्देशन रातो मसीले आकर्षक तरिकाले प्रस्तुत गरेको पाइन्छ । प्रत्येक पाठमा कठिन शब्द र तिनीहरुको अर्थ दिएको छ  तर शब्द र अर्थ सोझो तरिकाले नदिएर अध्यासको रुपमा जोडा मिलाऊ, खाली ठाँउ भरको रुपमा दिएको छ । पाठ्यपुस्तकमा प्रयोग गरिएको कागज पातलो र मधुरो रङ्गको रहेको छ भने एक पानामा

छापिएका अक्षरहरु अर्को पानामा देखिएको पाइन्छ । पाठ्यपुस्तकमा प्रयोग भएका शब्दहरु स्तरणको सिद्धान्त अनुसार हरेक तहमा बीस प्रतिशत नयाँ शब्दहरु थप्दै लगिएको र असी प्रतिशत शब्द तल्लो तहकै पुनरावृत्ति गरिएको छ ।

पाठ्यक्रम अनुरुपताका आधारमा कक्षा तीनको नेपाली पाठ्यपुस्तकको अध्ययन गर्दा पाठ्यक्रमको उद्देश्य अनुरुपनै पाठ्यपुस्तक निर्माण गरेको पाइन्छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु पुरा हुने खालका पाठ्यवस्तुहरु समावेश गरिएको छ । प्रत्येक पाठमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास हुने खालका अध्यासहरु समावेश गरिएको छ । विद्यालयमा पढाइ हुने समय विद्यार्थीको क्षमता उमेर रुची जस्ता कुराको ख्याल गरेर पाठ्यपुस्तक पाठ्यक्रमको भावना अनुरुप तयार गरिएको पाइन्छ । पाठ्यपुस्तकमा राखिएका पाठहरुलाई हेर्दा विद्यार्थीको पूर्व शैक्षिक अनुभवलाई ख्याल गरेर समावेश गरेको देखिन्छ । पाठमा प्रयोग भएका शब्दहरु विद्यार्थीको दैनिक जीवनमा प्रयोग हुने खालका रहेको छन् । पाठ्यपुस्तकमा रहेको पाठहरु विद्यार्थीको उमेर, रुचि, चाहना, स्तर अनुसारका रहेका छन् । बाल चहना अनुरुप पाठ्यपुस्तकमा बालबालिकाहरुलाई रमाइला लाग्ने र ज्ञान दिने खालका पाठहरु रहेका छन् ।

पाठ्यक्रमको उद्देश्य अनुरुप पाठ्यक्रमको निर्देशलाई सहि तरिकाले पालना गरेर पाठ्यपुस्तकको निर्माण गरिएको छ । पाठ्यपुस्तकम भाषिक सीपहरु प्राप्त हुने खालका अभ्यासहरु समावेश गर्दै विद्यार्थीको शैक्षिक पक्षलाई ख्याल गरेर उनीहरुको स्तर, उमेर, चाहना र रुची अनुसारका कविता, कथा, प्रबन्ध, संवाद र जीवनी जस्ता पाठहरु समावेश गरी पाठ्यपुस्तक निर्माण गरिएको पाइन्छ । पाठ्यपुस्तकमा भएका सबै पाठहरुमा चित्रको प्रयोग गरिएको, पाठ्यपुस्तकको आवरण पृष्ठ बँधाइ र कागजको स्तर कमजोर रहेको पाठमा दिएका शब्दहरुको अर्थ सहजरुमा नदिएर अभ्यासको रुपमा जोडा मिलाऊ भनेर दिएको छ ।

## परिच्छेद-पाँच

# निष्कर्ष र सुझाव

नेपाल सरकार र शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको 'कक्षा तीनको मेरो नेपाली किताब' नेपाल अधिराज्य भरका सरकारी विद्यालयहरुले कक्षा तीनमा अध्ययन गराएका छन् भने निजी विद्यालयहरुमा पनि यसको पठन-पाठन हुने गरेको देख्न सकिन्छ । यस परिप्रेक्षमा 'कक्षा तीनको मेरो नेपाली किताब' लाई प्राथमिक पाठ्यक्रम अनुसार अध्ययन गर्नु, आन्तरिक र बाह्य आधारमा अध्ययन गर्नु पाठ्यपुस्तकका सबल र दुर्बल पक्षको अध्ययन गर्नु यो सोधको प्रमुख उद्देश्य रहेको छ ।

'कक्षा तीनको मेरो नेपाली किताब' को विश्लेषणात्मक अध्ययन गर्नु आफैंमा एउटा जटिल कार्य हो पाठ्यपुस्तकमा हुनु पर्ने गुणका आधारमा 'कक्षा तीनको मेरो नेपाली किताब' को विश्लेषण आफैंमा ऐतिहासिक र महत्वपूर्ण मानिन्छ । यो सोधपत्रमा गरिएको अध्ययन र विश्लेषणलाई मध्यनजर राखी निम्नलिखित निष्कर्ष तथा सुझाब दिने जमर्को गरिएको छ ।

### ५.१ निष्कर्ष

कुनै पनि विषयवस्तुको अध्ययन दिइने निचोड नै निष्कर्ष हो । यसमा महत्वपूर्ण विषयवस्तुलाई समेटिएको हुन्छ । नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको 'कक्षा तीनको मेरो नेपाली किताब' को विश्लेषणात्मक अध्ययन गर्ने सन्दर्भमा निम्न लिखित निष्कर्ष निकालिएको छ ।

क) कक्षा तीनको मेरो नेपाली किताबमा समाविष्ट विषयवस्तुले पाठ्यक्रमको निर्देशनलाई पालना गर्ने प्रयास गरेको देखिन्छ तापनि विद्यार्थीको स्तर, क्षमता र रुचिलाई समेट्ने खालका विषयवस्तुमा ध्यान दिन अझै बाँकी रहेको देखिन्छ ।

ख) यो पाठ्यपुस्तकमा राखिएका पाठहरु पाठ्यक्रमको उद्देश्य अनुरुप नै रहेका छन् तर विधाको समायोजनमा भने विचार पुऱ्याइदिएको पाँइदैन ।

ग) यो पाठ्यपुस्तकमा विद्यार्थी अनुकुल हुने खालका भाषाशैलीको प्रयोग गर्ने कोशिस गरिएको छ । छट्टु बटुवा कथा तथा वीरमानका दिन फर्किए प्रबन्ध जस्ता पाठमा प्रयोग भएका भाषाशैली भने कक्षा तीनको विद्यार्थीका निम्ति अपाच्य हुने देखिन्छ ।

घ) यो पाठ्यपुस्तकमा अधिकांश रुपमा रङ्गीन चित्रको प्रयोग देख्न सकिन्छ । चित्रलाई पाठको मर्मअनुरुप नै प्रस्तुत गर्ने कोशिस गरिएको छ तर यसले भौगोलिक विविधताको समानुपातिक रुपमा प्रतिनिधित्व गरेको देखिदैन ।

ङ) यो पाठ्यपुस्तकमा १२९ वटा शब्द र तिनको अर्थ दिएको छ । यसमा १२९ वटा शब्दभण्डारको ज्ञान गराइएको छ । कक्षा तीनका नेपाली पढ्ने विद्यार्थीहरुका निम्ति १२९ वटा शब्दार्थ एकदमै कम हुने देखिन्छ भने शब्द र अर्थ सहज तरिकाले नदिइ अभ्यासका रुपमा जोडा भनेर दिएको देखिन्छ ।

च) यो पाठ्यपुस्तकको आवरण पृष्ठ र बँधाइ दुबै कमजोर देखिन्छ ।

छ) यो पाठ्यपुस्तकमा धमिलो रङ्को खस्रो कागतको प्रयोग गरिएको छ तर कक्षा तीनको लागि यो कागज अलि कमजोर र पातलो रहेको देखिन्छ ।

ज) यो पाठ्यपुस्तकको मूल्य तोकिएको छैन ।

झ) प्रत्येक पाठमा दिइएका अभ्यासको निर्देशन रातो मसीले लेखेर विद्यार्थीको ध्यानाकर्षण गराउने खालको पाइयो ।

ञ) बाँदर र गोही पाठमा प्रयोग गरिएका अक्षरको आकार अन्य पाठको भन्दा सानो रहेको देखिन्छ ।

## ५.२ सुझाब

कक्षा तीनको पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन शीर्षकमा गरिएको अध्ययन अनुसन्धानबाट भएको प्राप्ति तथा निष्कर्षको आधारमा नीतिगत तहका लागि, अभ्यास तहका लागि र अनुसन्धान तहका लागि निम्नानुसारका सुझाबहरु उल्लेख गरिएको छ ।

### ५.२.१ नीतिगत तहका लागि

क) पाठ्यपुस्तकको बँधाइलाई पाठ्यपुस्तक निर्माण संस्थाले बलियो बनाउन आवश्यक छ ।

ख) पाठ्यपुस्तकमा प्रयोग गरिएको कागज सफा र बाक्लो बनाउन आवश्यक छ ।

ग) पाठ्यपुस्तकमा प्रयोग गरिएका चित्रहरुलाई रङ्गीन र स्पष्ट देखिने खालका बनाउन आवश्यक देखिन्छ ।

घ) पाठहरुमा प्रयोग गरिएका अक्षरको आकार सबै पाठमा समान बनाउन आवश्यक छ ।

ङ) प्रत्येक पाठमा दिइएका शब्दार्थलाई अभ्यासको रुपमा जोडा मिलाऊ भनेर नदिएर सहज तरिकाले शब्द र अर्थ दिइनु आवश्यक छ ।
